| मिति | नाम/ठेगाना | संस्था/इमेल | विषय | राय/प्रतिक्रिया/सुझाव | ने.वि.प्राको जवाफ |
|---|---|---|---|---|---|
| २०७६/१२/०६ | श्याम प्लास्टिक उद्योग / तिलोत्तमा, मंगलापुर, रुपन्देही | श्याम प्लास्टिक उद्योग | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | नेपालमा अधिकांश उद्योगहरू रातको समयमा संचालनमा हुने भएको र अफ पिक समयको विद्युत महसुल बढाउँदा उत्पादनको लागत बढ्ने भएका कारण अफ पिक समयको विद्युत महसुल दर बढाउन नहुने ।<br>ने.वि.प्रा.को खरिद लागतमा कुनै फरक नदेखिएकाले पौष देखी चैत्र महिना सम्मको लागि बेग्लै महसुल हुनु नहुने ।<br>ने.वि.प्रा. का १३ थरी ग्राहकहरू मध्ये ७ बर्गका ५ प्रतिशत विद्युत खपत गर्ने बर्गको हकमा कुनै महसुल बृद्दि नभएको, ५७ प्रतिशत विद्युत खपत गर्ने ५ वटा श्रेणीको हकमा ०.२ देखि १० प्रतिशतसम्म महसुल घटेकोमा ३८ प्रतिशत विद्युत खपत गर्ने औद्योगिक ग्राहकलाई मात्र विद्युत महसुल बढाइएको कार्य न्यायोचित नभएको। | विद्युत महसुल निर्धारण भनेको एक गतिशील प्रकृया हो। धेरै जसो देशहरूमा यो प्रत्येक वर्ष गरिने गर्छ तर त्यसको मतलब हरेक वर्ष महसुल बढ्छ नै भन्ने छैन। यस विद्युत महसुल प्रस्ताव पेश गर्दा प्राधिकरणको नाफा, घाटाको स्थिति, डिमाण्ड सप्लाईको स्थिति आदिलाई मध्यनजर गर्नुपर्ने हुन्छ। हामीले गत मंसिर २०७६ मा आयोगमा महसुल निर्धारणको लागि आवेदन दिएका थियौं तर केही प्राविधिक गल्ति |
| २०७६/११/१६ | अशोक कुमार मुरारका / विराटनगर | shresthabhim95@gmail.com | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | औद्योगिक क्षेत्रको लागि महसुल दर वृद्धि गरन उचित नहुने। | |
| २०७६/१२/०६ | रामचन्द्र संघई / रामशाह पथ, काठमाडौं | त्रिवेणी स्पिन्निंग मिल्स प्रा लि / | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | प्रस्तावित विद्युत महसुल उद्योग वर्गका लागि सुलभ नभएको र राष्ट्रको औद्योगिक विकास मा प्रतिकूल असर पार्ने देखिएको | |
| २०७६/१२/०७ | सरोज प्रसाद अर्याल | aryalsaroj@hotmail.com | औद्योगिक उपभोक्ता वर्गमा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | महसुल वृद्धि सम्बन्धी | | सच्याइसके पछि पुनः माघ महिनामा पुनः आवेदन दिएका हौं। आयोगले महसुल निर्धारण प्रकृया अघि बढाउन खोज्दा खोज्दै पनि विभिन्न कारणवश प्रकृया टुङ्ग्याउन सम्भव भइरहेको थिएन । अहिले हामी यस आर्थिक वर्षको अन्त्य तिरै आइसकेको छौं। त्यस कारण यस महसुल निर्धारण प्रस्ताव प्रोभिजनल वित्तिय विवरणमा आधारित भएकाले अंकहरूमा केही तल माथि हुनसक्ने सम्भावना छ। |
| २०७६/१२/०७ | गौरी शंकर ग्यास उद्योग प्रा लि./ कालिकास्थान, काठमाडौं | गौरी शंकर ग्यास उद्योग प्रा लि./ himalgas@gmail.com | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/०७ | सिद्धार्थ ग्यास उद्योग प्रा लि/ बागदरबार, काठमाडौं | सिद्धार्थ ग्यास उद्योग प्रा लि/ siddharthagas@gmail.com | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/०६ | कमल लामिछाने/ काठमाडौं | lamichhanemr@gmail.com | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/१० | अशोक स्टील इन्डस्ट्रिज प्रा लि / टेकु, काठमाडौं | अशोक स्टील इन्डस्ट्रिज प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/०७ | त्रिवेणी सिन्थेटिक यार्न इन्डस्ट्रिज प्रा लि / पुतलीसडक, काठमाडौं | त्रिवेणी सिन्थेटिक यार्न इन्डस्ट्रिज प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७७/०२/१२ | शाहिल अग्रवाल / नक्साल, काठमाण्डौ, नेपाल | नेपाल फलामे छड उत्पादक संघ | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | ने.वि.प्राको खुद नाफा (Gross Profit) ५०% देखिन्छ, जुन निजि क्षेत्रको उद्योगहरुको हुँदैन। यसै गरी ने.वि.प्रा ले २५-३० वर्ष सम्म निजि उत्पादकहरुले उत्पादन गरेको विद्युत नीःशुल्क पाउने भएको कारण | प्राधिकरण एक युटिलिटी भएका कारण मुख्यतः यसले ३ कुरामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | समेत अधिकतम राजस्व सृजना हुने देखिन्छ। प्रसारण चुहावट १५-१७% भने तापनि ठूलो उद्योगमा ५-७% हुने भएकोले सो को लाभ उद्योगमा दिईनुपर्छ।<br>स्टील उद्योगमा १००-१२० मेगा वाट खपत भइ रु.५ अर्बको रसिद हामी बुझिरहेका छौं। स्टील उद्योगको Gross Profit ७-१५% छ भने ने.वि.प्रा को प्रस्तावित नाफा १३% रहेको छ।<br>एक टन स्टील उत्पादन गर्न करिब ८०० किलो वाट विद्युत खपत हुने गर्छ। प्रस्तावित महसुल दर बमोजिम ३३% वृद्धि गर्ने माग गरिएको कारण स्टीलको मूल्यमा २२% सम्म वृद्धि हुन जान्छ।<br>प्रस्तावित महसुल दर बमोजिम महसुल वृद्धि गर्ने हो भने १०-१५% सम्म मुल्यवृद्धि हुने देखिन्छ। स्टील उद्योगमा विद्युत महसुल सस्तो गरे स्टील उत्पादन बढाउन सकिन्छ।<br>वर्तमान परिपेक्षमा २४ घण्टा विद्युतको सहज आपूर्ति रहेको अवस्थामा डेडीकेटेड लाइनको औचित्य रहदैन र सो खारेज गरियोस। यसै गरी, स्टील उद्योगलाई विद्युत महसुलमा १०% सम्म छुटको व्यवस्था गरिनुपर्छ। (Off-Peak) सुख्खा यामको दर पुनः लागू गर्नुपर्ने देखिन्छ। कोभिड-१९ को विषम परिस्थितिको माझा सम्पूर्ण उद्योग वर्गमा २०% छुट दिनुपर्ने देखिन्छ।<br>यसै गरी नेपालमा व्हिलिंग प्रणालीको शुरुवात गरिनु पर्छ र सो प्रणाली अन्तर्गत उद्योग वर्गले | ध्यान दिनुपर्ने हुन्छ। प्रथम, उत्पादकसँग कुन दरमा विद्युत खरिद गर्ने। उर्जा उत्पादकहरूले आफूले उर्जा उत्पादन गरे वापत बढी मूल्य माग भइरहेको हुन्छ । उत्पादकले पनि आफ्नो वित्तिय स्वास्थ्य कायम राख्नुपर्ने भएकाले उत्पादकहरूलाई उर्जाको बापत उचित मूल्य दिन जरूरी हुन्छ । दोस्रो, उपभोक्ताले पनि कम दरमा विद्युत माग गरिरेहका हुन्छन् र उनीहरूको अपेक्षा बमोजिम प्राधिकरणले विद्युत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | २०-३० पैसाको दरले उर्जा उत्पादक सँग सिधै विद्युत खरिद गर्न पाउनु पर्छ। | महसुल घटाउनु पर्ने हुन्छ। |
| २०७६/१२/०७ | माधव बस्ताकोटी | kogpokhara@gmail.com | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | उद्योग वर्गको महसुल दर वृद्धि भएमा अन्ततोगत्वा औद्योगिक उत्पादन तथा सेवाको मूल्य वृद्धि हुनेछ साथै महसुल दर वृद्धिले उद्योग वर्गलाई वैकल्पिक विद्युतीय श्रोतको प्रयोग गर्न प्रेरित गर्न सक्ने प्रबल सम्भावना छ। तसर्थ, औद्योगिक वर्गको महसुल दर वृद्धि गरी सो वर्गलाई हतोत्साहित नगर्न सुझाव प्रदान गर्दछु। | यथार्थमा, विद्युत महसुल दर भनेको एक गतिशिल प्रकृया हो र दर सधैं भरि एकै रहन सक्दैन। यो सबैले बुझ्नुपर्ने हुन्छ। आगामी दिनमा प्राधिकरणले धेरै नै आयोजनाहरू प्राप्त गरेको खण्डमा उपभोक्ता महसुल दर घट्न पनि सक्छ। तर अहिले त्यस्तो स्थिति छैन। तसर्थ अहिलेको महसुल निर्धारण गर्दा अहिलेको अवस्थालाई मध्यनजर गर्दै महसुल निर्धारण गर्नुपर्ने हुन्छ। अहिले निर्धारण |
| २०७६/१२/०४ | पुरुषोत्तम लाल संघाई / रामशाह पथ, काठमाण्डौ | नेपाल क्लिन्कर एण्ड म्यानुफ्याक्चर एस्सोसिएसन | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | विद्युत महसुल दरलाई राजस्वको श्रोत नामानी औद्योगिक विकासको पूर्वाधार मानियोस। औद्योगिक वर्गलाई बढी महसुल नालिइयोस। | |
| २०७६/१२/०६ | उत्तम राज भण्डारी / बसन्तपुर, काठमाण्डौ | एभरेस्ट सुगर एण्ड केमिकल इन्डसट्रिस लिमिटेड | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | प्रस्तावित महसुल राष्ट्रका अत्याधिक उद्योगले धन्न सक्दैनन्, र ने.वि.प्रा को प्रस्ताव अनुरुप महसुल निर्धारण गरिए माल सामानको मूल्य वृद्धि हुने निश्चित छ। उद्योग वर्गको साविक विद्युत महसुल दरमा ३०% मूल्य घटाइनु पर्छ। | |
| २०७६/१२/०७ | सिद्धार्थ ग्यास उद्योग प्रा.लि. / वागदरबार, काठमाण्डौ | सिद्धार्थ ग्यास उद्योग प्रा.लि. | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | नेपालमा उत्पादित सम्पुर्ण विद्युत निकट भविष्यमा देशभित्रै खपत नहुने सम्भावना रहेको सन्दर्भमा २५ देखि ३० प्रतिशतसम्म विद्युत महसुल बृद्दि गर्दा जेनतेन सञ्चालनमा रहेका उद्योग बन्द हुन गई हजारौं कामदारको रोजगरी गुम्ने, आयात अझ बढ्ने, मुल्यबृद्दि हुने जस्ता समस्याहरू आउने देखिन्छ । कानुनको स्पष्ट उदेश्य विपरित उद्योगको लागि अस्वभाविक उच्च विद्युत महसुल दर तोक्नाले सो | |
| २०७६/१२/०७ | सरोज अर्याल | | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भार जनता, उपभोक्ताले बोक्नु पर्ने बाध्यात्मक स्थितिको श्रृजना हुन्छ ।<br>तसर्थ, देशको विकासको लागि उद्योगको अनवरत सञ्चालनको लागि ने.वि.प्रा. द्वारा प्रस्तावित विद्युत महसुल पुनरावलोकनसम्बन्धी निवेदन खारेज गर्नुपर्ने राय व्यक्त गर्दछु । | गर्न लागिएको विद्युत महसुल आजको लागि हो र भोलि यो निकै कम हुन सक्छ। जुलाई (श्रावन/भाद्र) मा प्राधिकरणले खिम्ति जलविद्युत आयोजना प्राप्त गरिसके पछि र तामाकोशी जलविद्युत आयोजनाले उत्पादन थालिसकेपछि महसुल दर घट्न सक्छ। तसर्थ प्राधिकरणलाई एकातिर विद्युत महसुल घटाउने दवाव हुन्छ भने अर्को तिर उर्जा उत्पादकहरूलाई बढि दर तिर्नुपर्ने दवाव हुन्छ। तेस्रोमा, प्राधिकरण आफैपनि वित्तिय |
| २०७७/०२/१२ | ध्रुब थापा | सिमेन्ट उत्पादक संघ | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | अन्तराष्ट्रिय बजारमा नेपाली उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउनको निम्ति औद्योगिक उपभोक्ताको महसुल दरमा कमी ल्याउनु जरूरी छ । यदि ने.वि.प्रा.ले उद्योगहरूलाई डेडिकेटेडको महसुल दर लगाउँछ भने उद्योगहरूलाई निरन्तर विद्युत उपलब्ध गराउनु पर्छ । डिमान्ड चार्ज लिँदा तीन महिनाको सरदर डिमान्ड बराबरको डिमान्ड चार्ज लिने गरिएकोमा एक महिनाको डिमाण्ड बराबरको डिमाण्ड चार्ज लिने व्यवस्था बनाउनु पर्छ । आगामी २ बर्षसम्म डिमान्ड चार्ज पूर्ण रूपले छुट दिनुपर्छ। | |
| २०७६/१२/०२ | मनोज फुड्स प्रा.लि. / तिलोत्तमा ६, रूपन्देही | मनोज फुड्स प्रा.लि. | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | नेपालमा अधिकांश उद्योगहरू रातको समयमा संचालनमा हुने भएको र अफ पिक समयको विद्युत महसुल बढाउँदा उत्पादनको लागत बढ्ने भएका कारण अफ पिक समयको विद्युत महसुल दर बढाउन नहुने ।<br>ट्रंक लाइनबाट विद्युत प्रसारण सम्बन्धी कुनै विशेष व्यवस्था नरहेका कारण ट्रंक लाइनको नाममा उपभोक्ताबाट प्रिमियम महसुल संकलन गर्नु नाजायज हुने, देश लोडसेडिङ् मुक्त भएको अवस्थामा यसको कुनै औचित्य नरहेको र ट्रंक लाइनको महंगो महसुल | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | तिर्नुपर्ने उद्योगले नजिकैको साधारण फिडरबाट संचालित उद्योगसंग चर्को विद्युत महसुलको कारणले प्रतिस्पर्धा गर्न नसक्ने भएका कारण ट्रंक र साधारण फिडरबाट आपुर्ति लिँदा समान महसुल दर कायम हुनुपर्दछ। | रूपमा स्वस्थ रहनु पर्छ। यदि प्राधिकरण आफै स्वस्थ रहेन भने भोलि लगानीको वातावरण नै नरहन सक्छ। प्राधिकरणले आफ्नो नाफामा वृद्धि गरेको कारण लगानीकर्ताहरूको प्राधिकरणप्रतिको दृष्टिकोण सुदृढ भइरहेको छ। तर त्यो भन्दैमा प्राधिकरणले सधैं महसुल दर बढाइ रहन्छ भन्ने पनि होइन। प्राधिकरण आफैले पनि प्रणालीको रिलायविलिटि बढाउन लगानी गर्नु जरूरी हुन्छ। तसर्थ, लगानीको नजरबाट पनि हेर्नु जरूरी रहन्छ। |
| २०७६/१२/०७ | कसमस सिमेन्ट इन्डस्ट्रिज प्रा.लि . | कसमस सिमेन्ट इन्डस्ट्रिज प्रा.लि . | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | ने.वि.प्रा.को आयमा ४० प्रतिशत योगदान गर्ने औद्योगिक उपभोक्ता बर्गलाई प्रस्तावित महसुल दरले अत्याधिक असर गर्ने र अन्ततः त्यसको मारमा जनता नै महंगीको मारमा पर्न जाने व्यहोरा जानकारीको लागि अनुरोध छ। | |
| २०७६/१२/०७ | गौरी शंकर ग्यास उद्योग प्रा लि / कालिकास्थान, डिल्लीबजार, काठमाडौं | गौरी शंकर ग्यास उद्योग प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | प्रस्तावित विद्युत महसुल उद्योग वर्गका लागि सुलभ नभएको र राष्ट्रको औद्योगिक विकासमा प्रतिकूल असर पार्ने देखिएको | |
| २०७६/१२/०६ | त्रिवेणी स्पिनिंग मिल्स प्रा.लि. / त्रिवेणी कम्प्लेक्स, रामशाह पथ, काठमाडौं | त्रिवेणी स्पिनिंग मिल्स प्रा.लि. | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | प्रस्तावित विद्युत महसुल उद्योग वर्गका लागि सुलभ नभएको र राष्ट्रको औद्योगिक विकासमा प्रतिकूल असर पार्ने देखिएको | |
| २०७६/१२/०४ | गोएंका फूड्स प्रा लि,. / सिद्धार्थनगर, रुपन्देही, | सिद्धार्थनगर, रुपन्देही, | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | ने.वि.प्रा.को खरिद लागतमा कुनै फरक नदेखिएकाले पौषदेखि चैत्रको महसुलमा कुनै प्रकारको फरक नहुनुपर्ने | |
| २०७७/०२/१२ | घराना फूड्स प्रा लि / | सिद्धार्थनगर, रुपन्देही | औद्योगिक उपभोक्ता वर्गमा | ने.वि.प्रा ले औद्योगिक वर्गको महसुल बढाएर आफ्नो खर्च उठाउनु कत्तिको जायज हो? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिद्धार्थनगर, रुपन्देही | | महसुल वृद्धि सम्बन्धी | | | आगामी दिनमा प्राधिकरणले प्रसारण लाइन, वितरण लाइन, अटोमेसन, डिजिटाइजेसन् जस्ता क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ र त्यसको लागि ने.वि.प्रा. ले लगानीमा प्रतिफल पाउनु आवश्यक रहन्छ। स्टिल उत्पादक कम्पनीहरूको विद्युतसम्बन्धी खर्च कच्चा पदार्थको ७० प्रतिशतसम्म भएको भनिएको छ। डेडिकेटेड लाइन लिएको खण्डमा त्यति धेरै भएको हुनुपर्छ । सामान्य फिडरबाट विद्युत लिएको खण्डमा त्यो अंक |
| २०७७/०२/१२ | विश्व भुषण अमात्य | | औद्योगिक तथा सेवादायी उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी / | १. रोजगारी शृजना गर्ने भनेको उद्योग तथा सेवादायी क्षेत्रहरूले हो र यिनको अर्थतन्त्रमा ठूलो योगदान रहेको हुन्छ । तसर्थ विद्युत महसुल बढाउनाले यिनको लागत बढ्ने भएका कारण अर्थतन्त्रका लागि महसुल बढ्नु हितकारी नहुन सक्छ । | | |
| २०७७/०२/१२ | सुर्य अधिकारी, उर्जा उद्यमी | | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | प्रस्तावित विद्युत महसुल दरले उद्योगलाई प्राथमिकता नदिएको र तसर्थ स्थानीय तहमा रोजगारी बढाउन नसक्ने र विद्युत खपत पनि नबढ्ने देखिन्छ। | | |
| २०७७/०२/१२ | घराना फूड्स प्रा.लि. | | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | ने.वि.प्रा ले औद्योगिक वर्गको महसुल बढाएर आफ्नो खर्च उठाउनु कत्तिको जायज हो? | | |
| २०७६/१२/०३ | सुवाश सिटौला / बालाजु, काठमाण्डौ | | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | औद्योगिक क्षेत्रको लागि १०% छुटका साथै ७ दिन भित्र महसुल भुक्तानी गरे थप २% छुटको व्यवस्था गरिनुपर्छ। प्रस्तावित महसुलमा "औद्योगिक क्षेत्र लाइन" शब्द हटाइनु पर्छ। नेपाल विद्युत प्राधिकरण विद्युत संकलन विनियमावली , २०७३ मा "...औद्योगिक क्षेत्रले मिटर रिडिंग गरेको ७ दिन भित्र महसुल बुझाए १२% रकम छुट दिईनेछ" भन्ने प्रावधान राखिनुपर्ने। | | |
| २०७६/१२/०७ | सोनापुर मिनेरल्स एंड आइल्स प्रा लि / तुलसीपुर, दाङ्ग | सोनापुर मिनेरल्स एंड आइल्स प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | १. उद्योगका लागि प्रस्तावित दर अस्वाभाविक रूपले उच्च रखिएको<br>२. मानव संसाधन र कर्पोरेट अफिसमा देखाइएका खर्चको पुष्टी गर्ने आधार नदिएको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७६/१२/०७ | विश्वोकर्मा सिमेंट्स प्रा लि / पुतलीसडक, काठमाडौं | विश्वोकर्मा सिमेंट्स प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | ३. विद्युत उत्पादन बढेको कारणले लोड सेडिंग समेत अन्त्य भैसकेको अवस्थामा औद्योगिक डेडीकेटेड उपोभोक्ता ग्राहकलाई उच्च दर प्रस्ताव गर्नु पर्ने औचित्य नदेखिएको<br>४. ग्लोबल प्राक्टिसका आधारमा उद्योगलाई व्हिलिंग चार्जमा विद्युत खरिद गर्ने अनुमति दिएमा प्रति युनिट ५/६ रुपैयाँमा खरिद गर्न सकिने<br>५. प्रसारण नोक्सानीलाई घटाउनु पर्ने<br>६. प्रस्तावित विद्युत महसुल निर्धारण गर्नुपर्ने आधारहरु पनि हाल प्रस्तुत गरिएका विश्लेषणसंगै पेश गर्नुपर्ने तर सो नगरिएको<br>७. उद्योग वर्गमा प्रस्ताव गरिएको उच्च दरको महसुल प्राधिकरणको ऐनमा उल्लेखित सर्वसाधारण जनताको सुविधाको मर्म विपरित रहेको<br>८. अफ पिक समय श्रेणीको साविक महसुल दरमा कुनै परिवर्तन गर्न नहुने | त्यति उच्च नहोला । नेपाल विद्युत प्राधिकरणले उर्जा सुरक्षा, उर्जा सम्बन्धमा आत्मनिर्भरता र विश्वसनीयता (रिलायविलिटी) बढाउन आगामी पाँच वर्षको लागि एक योजना निर्माण गरेको छ । त्यसका लागी ५६ अर्बको लगानी आवश्यक हुन्छ । उक्त आयोजना लागु गर्न सरकारमा पूर्णरूपमा आश्रित नहुने हो भने प्राधिकरण आफैंले पनि केही लगानी गर्नुपर्ने हुन्छ । जसका लागि आन्तरिक रूपमा नै प्राधिकरणले |
| २०७६/१२/०७ | प्रबल जंग पाण्डे / हत्तिमुडा, मोरंग | इस्टर्न कसमस सिमेन्टस् प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/०७ | शाहिल अग्रवाल / नक्साल, काठमाण्डौ, नेपाल | नेपाल फलामे छड उत्पादक संघ | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/०७ | लोमस फर्मासुटिकलस् प्रा लि / लाजिम्पाट, काठमाडौं | लोमस फर्मासुटिकलस् प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/०९ | बिष्णु प्रसाद न्यौपाने / सुनवल, नवलपरासी | सर्बोत्तम सिमेन्ट लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/०९ | हिमांशु गोल्छा / गणबाहाल, काठमाडौं | हुलास स्टील इन्डस्ट्रिज लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/१० | श्री पशुपति सिमेन्टस् प्रा लि / | श्री पशुपति सिमेन्टस् प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पुतलीसडक, काठमाडौं | | महसुल वृद्धि सम्बन्धी | | केही स्रोतहरू जम्मा गर्नुपर्ने हुन्छ । त्यसै कारण प्राधिकरणले लगानीमा प्रतिफल खोजेको हो । यससम्बन्धमा अन्य विकल्पहरू पनि खोजी गरी अघि बढ्न सकिन्छ । |
| २०७६/१२/१० | घोराही सिमेन्ट इन्दस्त्री प्रा लि / पुतलीसडक, काठमाडौं | घोराही सिमेन्ट इन्दस्त्री प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/१० | सिद्धार्थ पेट प्लास्ट इन्डस्ट्रिज प्रा लि / भैरहवा | सिद्धार्थ पेट प्लास्ट इन्डस्ट्रिज प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/१० | लुम्बिनी अक्सिजन ग्यास इन्डस्ट्रिज / भैरहवा | लुम्बिनी अक्सिजन ग्यास इन्डस्ट्रिज | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/१० | रमेश ओझा / कमलादी, काठमाडौं | हामा आइरन एंड स्टील इन्डस्ट्रिज प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/१० | बिष्णु प्रसाद न्यौपाने / गोनाहा, रुपन्देही | जगदम्बा सिमेन्ट इन्डस्ट्रिज प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/१० | बिष्णु प्रसाद न्यौपाने / चोर्नी, पर्सा | शुभ श्री जगदम्बा सिमेन्ट इन्डस्ट्रिज प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७६/१२/१० | बिष्णु प्रसाद न्यौपाने/ सुनवल, नवलपरासी | लक्ष्मी स्टीलस् प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/१० | शोभाकर न्यौपाने/ टेकु, काठमाडौं | अम्बे स्टील्स प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/१० | शोभाकर न्यौपाने/ टेकु, काठमाडौं | अम्बे सिमेन्ट प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/०९ | अरुण गोएंका/ भैरहवा, रुपन्देही | एभरेस्ट रोलिङ्ग इन्डस्ट्रिज प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/१० | नेपाल धागो उत्पादक संघ/ पुतलीसडक, काठमाण्डौ | नेपाल धागो उत्पादक संघ | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/१० | शोभाकर न्यौपाने / टेकु, काठमाडौं | जय अम्बे सिमेन्ट प्रा लि | औद्योगिक उपभोक्ता वर्गमा महसुल वृद्धि सम्बन्धी | | |
| २०७६/१२/०७ | दिवाकर कार्की / काठमाडौं | रिलाएन्स स्पिनिङ्ग मिल्स लि | औद्योगिक उपभोक्ता वर्गमा | | |

| | | | महसुल वृद्धि सम्बन्धी | | |
|---|---|---|---|---|---|
| | | | | | |
| २०७६/१२/०२ | विकाश कुमार गोएंका / सिद्धार्थनगर, रुपन्देही | घराना फूड्स प्रा लि. / gharanafood@gmail.com | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | १. ट्रंक लाइन वा साधारण फीडरबाट आपूर्ति लिंदा समान महसुल दर कायम हुनुपर्ने<br>२. अफ पिक समय श्रेणीको साविक महसुल दरमा कुनै परिवर्तन गर्न नहुने<br>३. पौषदेखि चैत्रको महसुलमा कुनै प्रकारको फरक नहुनुपर्ने<br>४. Industrial Supply श्रेणीका ग्राहकहरुलाई अत्याधिक महसुल वृद्धि गर्नु न्यायोचित नभएको | डेडिकेटेड फिडरको बारेमा पनि धेरै प्रतिक्रियाहरू आएका छन् र धेरै तर्फबाट यसलाई हटाउनुपर्छ भनि माग आएको छ। यसका सम्बन्धमा आयोगसँग छलफल गरी अघि बढ्ने जानकारी गराउँछु। टिप्पणीको क्रममा डेडिकेटेड लाइनको महसुल हटाउनुपर्ने साथै औद्योगिक वर्गको महसुल पनि घटाइनुपर्ने भन्ने कुरा पनि आएको छ। तर यसरी महसुल घटाउँदा |
| २०७६/१२/०२ | सुशील कुमार गोएंका / तिलोत्तमा, रुपन्देही | मनोज फूड्स प्रा लि / blgoenkagroup@gmail.com | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | | |
| २०७६/१२/०६ | श्याम प्लास्टिक उद्योग / तिलोत्तमा, मंगलापुर, रुपन्देही | श्याम प्लास्टिक उद्योग | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | | |
| २०७६/१२/०६ | कुलप्रसाद न्यौपाने / कलिकापथ, सिद्धार्थनगर, भैरहवा, लुम्बिनी | सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देही | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | | |
| २०७६/१२/०६ | महाकाली पल्स्टिक उद्योग / तिलोत्तमा, मंगलापुर, रुपन्देही | महाकाली पल्स्टिक उद्योग | साधारण लाइन र डेडिकेटेड लाइनको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | | प्राधिकरणको वित्तिय स्वास्थ्यमा पर्ने प्रभावको बारेमा पनि हेर्नु जरूरी हुन्छ । यद्यपी, सम्बन्धित पक्षहरूसँग आवश्यक छलफल गरी यस सम्बन्धी उपयुक्त निर्णय लिन सकिन्छ। |
| २०७६/१२/०६ | महाकाली पल्स्टिक उद्योग/ तिलोत्तमा, मंगलापुर, रुपन्देही | महाकाली पल्स्टिक उद्योग | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | ट्रंक लाइन वा साधारण फीडरबाट आपूर्ति लिंदा समान महसुल दर कायम हुनुपर्ने<br>अधिकांश उद्योगहरू रातको समयमा संचालनमा हुने र अफ पिक समयको विद्युत महसुल बढाउँदा उत्पादनको लागत बढ्ने भएका कारण अफ पिक समयको विद्युत महसुल दर बढाउन नहुने<br>ने.वि.प्रा.को खरिद लागतमा कुनै फरक नदेखिएकाले पौषदेखि चैत्रको महसुलमा कुनै प्रकारको फरक नहुनुपर्ने<br>औद्योगिक सप्प्लाई श्रेणीका ग्राहकहरुलाई अत्याधिक महसुल वृद्धि गर्नु न्यायोचित नभएको | |
| २०७६/१२/०८ | सिद्धार्थ राइस मिल प्रा लि / तिलोत्तमा, रुपन्देही | सिद्धार्थ राइस मिल प्रा लि | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | १. ट्रंक लाइन वा साधारण फीडरबाट आपूर्ति लिंदा समान महसुल दर कायम हुनुपर्ने<br>२. अफ पिक समय श्रेणीको साविक महसुल दरमा कुनै परिवर्तन गर्न नहुने<br>३. पौषदेखि चैत्रको महसुलमा कुनै प्रकारको फरक नहुनुपर्ने<br>४. Industrial Supply श्रेणीका ग्राहकहरुलाई अत्याधिक महसुल वृद्धि गर्नु न्यायोचित नभएको<br>५. १० युनिटसम्मको बिजुली निःशुल्क गर्नको लागि Cross-subsidy उद्योगबाट लिनुहुदैंन | |
| २०७६/१२/०३ | विनय कुमार गोएंका / सिद्धार्थनगर, रुपन्देही | गोएंका फूड्स प्रा लि / goenkagood@gmail.com | साधारण लाइन र डेडिकेटेड लाइनको | १. अहिलेको स्थितिमा डेडिकेटेड महसुलको कुनै औचित्य नभएको कारण त्यससम्बन्धी पुनर्विचार गरिनुपर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | २. यस विद्युत महसुल प्रस्तावमा उद्योग क्षेत्रको मात्र महसुल बृद्दि भएको देखिन्छ, जुन न्यायोचित छैन।<br>२. ट्रंक लाइन वा साधारण फीडरबाट आपूर्ति लिंदा समान महसुल दर कायम हुनुपर्ने<br>३. अफ पिक समय श्रेणीको साविक महसुल दरमा कुनै परिवर्तन गर्न नहुने<br>४. पौषदेखि चैत्रको महसुलमा कुनै प्रकारको फरक नहुनुपर्ने<br>५. Industrial Supply श्रेणीका ग्राहकहरुलाई अत्याधिक महसुल वृद्धि गर्नु न्यायोचित नभएको | |
| २०७६/१२/१० | पंचकन्या स्टील प्रा लि /<br>कोटिहवा, भैरहवा | पंचकन्या स्टील प्रा लि | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | १. ट्रंक लाइन वा साधारण फीडरबाट आपूर्ति लिँदा समान महसुल दर कायम हुनुपर्ने, विद्युत उत्पादन बढेको कारणले लोडशेडिंग समेत अन्त्य भैसकेको अवस्थामा औद्योगिक डेडीकेटेड उपोभोक्ता ग्राहकलाई उच्च दर प्रस्ताव गर्नु पर्ने औचित्य नदेखिएको<br>२. Industrial Supply श्रेणीका ग्राहकहरुलाई अत्याधिक महसुल वृद्धि गर्नु न्यायोचित नभएको<br>३. १० युनिटसम्मको बिजुली निःशुल्क गर्नको लागि Cross-subsidy उद्योगबाट लिंदा छुट्टै CSR अन्तर्गत कोषमा दाखिला गराउनु पर्ने<br>४. सम्पूर्ण उद्योगहरुलाई एकै समान महसुल तोकिनुपर्ने<br>५.प्रसारण नोक्सानीलाई घटाउनु पर्ने | |
| २०७६/११/०५ | धुलिखेल अस्पताल, काठमाण्डौ | धुलिखेल अस्पताल, काठमाण्डौ विश्वविद्यालय अस्पताल | साधारण लाइन र डेडिकेटेड | विगतमा लोडसेडिङका कारण यस अस्पतालको सेवामा प्रत्यक्ष असर पर्न गएका कारण यस | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विश्वविद्यालय अस्पताल / धुलिखेल, काभ्रेपलान्चोक | | लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | अस्पतालले आ.व. २०६३।२०६४ देखि ने.वि.प्रा.बाट डेडिकेटेड लाइन जडान गरी अस्पतालको सेवा सहज र सुचारू गरिएकोमा पछि नियम परिवर्तन भए पश्चात डेडिकेटेड लाइनमा लाग्ने महसुलमा बृद्दि भई दोब्बर महसुल तिर्नु परेकोले अस्पताल सञ्चालनमा कठिनाई भएको छ। तसर्थ, बृद्दि भएको विद्युत महसुल घटाई पाउँ। | |
| २०७६/१२/०७ | शाहिल अग्रवाल / नक्साल, काठमाण्डौ, नेपाल | नेपाल फलामे छड उत्पादक संघ | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | नेपालमा महत्वपूर्ण प्रतिस्पर्धात्मक लाभको क्षमता बोकेको उर्जा(विद्युत)-लागतलाई स्टील र सिमेन्ट जस्ता अधिक विद्युत खपत हुने उद्योगको उत्पादनको मूल्य संवर्धनको लागि उपयोग गर्न सकिनुपर्छ। भारतका केहि प्रान्तहरुले उत्पादनको प्रयोजनको लागि अधिक विद्युत खपत गर्ने स्टील जस्ता उद्योगहरुलाई छुट (rebate) प्रदान गर्ने व्यवस्था गरेका छन्। नेपालमा विद्युत उत्पादनको प्रगाढ क्षमता रहेको छ र यस क्षमताको अधिकतम फाईदा उठाउन स्टील र सिमेन्ट उद्योगहरु जस्ता ठूला उपभोक्ता चाहिन्छन्। अहिले नेपालमा विद्युत लागत करिब रु.४.५०- रु.१०.५० प्रति युनिट छ (औसत रु.८.७५ बिना डिमान्ड चार्ज), यो मूल्य भारतको महसुल दर भन्दा फरक रहेको छ जुन करिब रु.६.५० प्रति युनिट रहेको छ। भारत जस्ता विभिन्न देशहरुले अधिक विद्युत खपत गर्ने उपभोक्तालाई हाई भोल्टेज लाइनबाट विद्युत आपूर्ति गरी तुलनात्मक रुपमा कम महसुल असुल्ने गरेका छन्। तथापी, नेपालमा भने "डेडीकेटेड" र "ट्रंक" लाइनको नाममा थप प्रिमियम रकम लिने अभ्यास रही आएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | छ। यस्तो अभ्यासले "economies of scale" माथी गम्भीर प्रभाव पार्ने निश्चित छ। यसै गरी साधारण लाइन र डेडीकेटेड लाइनमा छुट्टा-छुट्टै महसुल दर कायम गर्न नहुने भएकोले बदर भागी छ। | |
| २०७७/०२/१२ | पशुपति मुरारका | नेपाल उद्योग वाणिज्य संघ | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | २३० भोल्टेज लाइन Industrial Feeder लाई समेत डेडीकेटेड र ट्रंक लाइनको परिभाषामा समावेश गरिएको छ। वर्तमान परिपेक्षमा २४ घण्टा विद्युतको सहज आपूर्ति रहेको अवस्थामा डेडीकेटेड लाइनको औचित्य रहदैन र सो खारेज गरियोस। TOD मिटरको सुख्खा र वर्षा यामको फरक-फरक दर समेत खारेज गरिनु पर्छ। | |
| २०७७/०२/१२ | देव नारायण सापकोटा | | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | १०० देखि १५० युनिट उपभोग गर्ने उपभोक्ताहरूलाई दिने भनिएको विद्युत महसुलमा छुट यथार्थमा लागु नगरिएको जानकारी गराउन चहान्छु ।सिंगल फेज विद्युतका प्रयोगकर्ताको हकमा महसुल घट्नुपर्ने आवश्यकता रहेको जानकारी गराउँदछु । साथै, डेडिकेटेड लाइनको निवेदन नदिएका ग्रहाकहरूलाई पनि डेडिकेटेड महसुल लगाइएकोले उक्त कदमलाई सच्च्याइ पाउँ भन्ने अनुरोध गर्दछु । | |
| २०७७/०२/१२ | अमृत नकर्मी | | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | विद्युत महसुलमा १६-१७% वृद्धि र आपूर्तिको लागत करिब १२% बढेको देखिन्छ। बिक्री बढेसंगै महसुल घटाइनु पर्ने हो। नेपाल दक्षिण एसियामा दोश्रो सर्वाधिक महसुल दर भएको राष्ट्र हो। विद्युत खपत बढाउन महसुल घटाउनु पर्छ। डेडीकेटेड लाइनको व्यवस्था हटाइनु पर्छ। | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७७/०२/१२ | विनय गोयन्का | | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | १. अहिलेको स्थितिमा डेडिकेटेड महसुलको कुनै औचित्य नभएको कारण त्यससम्बन्धी पुनर्विचार गरिनुपर्ने ।<br>२. यस विद्युत महसुल प्रस्तावमा उद्योग क्षेत्रको मात्र महसुल बृद्दि भएको देखिन्छ, जुन न्यायोचित छैन। | |
| २०७७/०२/१२ | | | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | लोड-शेडिंग अन्त्य भइ सकेको अवस्थामा डेडीकेटेड लाइनको शुल्क हटाइनु पर्ने | |
| २०७७/०२/१२ | erc@123 | | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | डेडिकेटेड र ट्रंक लाइनको महसुल तुरून्त हटाउनुपर्छ। स्टिल उत्पादक कम्पनीहरूलाई विद्युतमा विशेष छुट दिनुपर्छ । सुख्खा याममा पनि अफ पिक ट्यारिफ लागु गर्नुपर्छ । उद्योगहरूलाई उर्जा उत्पादकहरूसंग सिधै विद्युत खरिद गर्ने सक्ने व्यवस्था मिलाउनपर्छ । | |
| २०७७/०२/१२ | ज्ञानेन्द्रलाल प्रधान | | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | अहिलेको अवस्थामा डेडिकेटेड तथा ट्रंक लाइनले कुनै औचित्य नराख्ने भएका कारण डेडिकेटेड तथा ट्रंक लाइनको महसुल तत्काल हटाउन अनुरोध गर्दछु । | |
| २०७७/०२/१२ | पवन गोल्यान | नेपाल धागो उत्पादक संघ | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | लोडसेडिङ्गो अन्त्य भइसकेको स्थितिमा ट्रंक लाइन र डेडिकेटेड लाइनको महसुल जारी राख्नु उपयुक्त छैन । उद्योगहरूले विद्युत उत्पादकहरूसंग सोझै विद्युत खरिद गर्ने व्यवस्था मिलाउनुपर्ने आवश्यकता देखिन्छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७७/०२/१२ | रिलायन्स स्पिनिंग मिल्स | रिलायन्स स्पिनिंग मिल्स | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | डेडीकेटेड फिडरमा समेत नियमित विद्युत आपूर्ति रहेको छैन, डेडीकेटेड फिडरको शुल्क हटाइनु पर्छ। | |
| २०७६/०८/०९ | डा. रुप ज्योति / परवानीपूर, विरगंज, नेपाल | हिमाल आइरन एण्ड स्टिल प्रा. लि | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | HT-TOD Industrial DFRD (६६KVA & Above) व्यापारिकमा विलिंग हुनुपर्नेमा HT-TOD Industrial (६६KVA & Above)मा विलिंग भएको सूचना दिईएको छ। अनधिकृत रुपमा डेडीकेटेड फिडर महसुल माग्ने नेपाल विद्युत प्राधिकरण विद्युत संकलन विनियमावली, २०७६ खारेज गरी पाउँ भनी माग गरिएको | |
| २०७६/११/१४ | निर्जल श्रेष्ठ / कमलादी, काठमाण्डौ, नेपाल | हामा आइरन एण्ड स्टील ईलि.प्रा . | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | प्राधिकरणले आफूलाई डेडीकेटेड र ट्रंक लाइन विद्युत सेवा लिए वापतको महसुल बुझाउन भनि पत्राचार गरेको र ग्राहक वर्गीकरण परिवर्तन गरी विलिंग पठाएको तर आफूले सो बमोजिम डेडीकेटेड र ट्रंक लाइनको सुविधाका लागि कुनै निवेदन नदिएको। सर्वोच्च अदालतबाट निर्णय भए सम्म पुरानै रेट अनुसार विलिंग गरि दिनु। | |
| २०७६/०४/११ | अशोक स्टील इन्डस्ट्रिज प्रा.लि / टेकु, काठमाण्डौ, नेपाल | अशोक स्टील इन्डस्ट्रिज प्रा. लि | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | आफूले डेडीकेटेड वा ट्रंक लाइनको लागि कुनै निवेदन नदिएको र नर्मल लाइन सरह विद्युत बिलको महसुल हुनु पर्ने हुँदा पुनः बिल सच्चाउनु पर्ने । | |
| २०७६/०७/२६ | डा. महेन्द्र विष्ट / सिंहदरबार, काठमाण्डौ, नेपाल | नेपाल टेलिभिजन | साधारण लाइन र डेडिकेटेड लाइनको | आफूलाई Dedicated Feeder आवश्यक नरहेको हुँदा सो हटाई Normal Line कायम गरी महसुल शुल्क लाग्ने व्यवस्था मिलाई दिनु पर्ने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | | |
| २०७६/११/२६ | श्री. कुल प्रसाद न्यौपाने, आदि / बुटवल, भैरहवा | | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | आफूहरुले विद्युत प्राधिकरणको नियमानुसार Trunk Line जडान गराउनको लागि कुनै पनि आवेदन नदिएको र पूर्व सूचना समेत नगराई जबर्जस्ती Trunk Line अनुसार विलिंग पठाएको र यसले उत्पादित सामानको उपभोग्य मूल्य समेत बढेर जाने। | |
| २०७६/०९/११ | जगदम्बा एन्टर्प्राइसेस् प्रा लि. / विरगंज, नेपाल | जगदम्बा एन्टर्प्राइसेस् प्रा. लि | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | प्राधिकरणले डेडीकेटेड फिडर मार्फत निरन्तर विद्युत लिनको लागि तोकिएको दर लगाई विद्युत महसुल असुल गर्नको निमित्त पत्राचार गरेको र आफ्नो निवेदन पश्चात पनि सोहि दर लगाई विजक जारी गर्ने कार्य गरेको। | |
| २०७६/११/०६ | रमेश राज चौधरी | उदयपुर सिमेन्ट इन्डस्ट्रिज लि. / rameshchaudhary20@gmail.com | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | उदयपुर सिमेन्टले हाल Dedicated महसुल तिरिरहेको तर अरु उद्योग कम्पनीहरुले साधारण महसुल तिरिरहेका छन्। | |
| २०७६/१२/०६ | सिद्दार्थ उद्योग बाणिज्य संघ / रूपन्देही, ०७१५२०१५६ | सिद्दार्थ उद्योग बाणिज्य संघ | साधारण लाइन र डेडिकेटेड लाइनको महसुलमा भिन्नता हुन नहुने सम्बन्धी | ट्रंक लाइनबाट विद्युत प्रसारण सम्बन्धी कुनै विशेष व्यवस्था नरहेका कारण ट्रंक लाइनको नाममा उपभोक्ताबाट प्रिमियम महसुल संकलन गर्नु नाजायज हुने, देश लोडसेडिङ् मुक्त भएको अवस्थामा यसको कुनै औचित्य नरहेको र ट्रंक लाइनको महंगो महसुल तिर्नुपर्ने उद्योगले नजिकैको साधारण फिडरबाट संचालित उद्योगसंग चर्को विद्युत महसुलको कारणले प्रतिस्पर्धा गर्न नसक्ने भएका कारण ट्रंक र साधारण फिडरबाट आपुर्ति लिँदा समान महसुल दर कायम हुनुपर्दछ। | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७७/०२/१२ | शेखर गोल्छा / काठमाण्डौ, नेपाल | उद्योग वाणिज्य महासंग | कोभिड-१९ को सन्दर्भमा महसुल दर सुहाउँदो नभएको_सम्बन्धी | कोभिड-१९ को प्रकोपको माझमा GDP न्युन रहने भएकोले ने.वि.प्रा को मुनाफा भन्दा पनि उपभोक्ताको हितलाई मध्य-नजर गरियोस। महसुल निर्धारण गर्दा न्युन वर्ग तथा गरिबीको रेखा तल रहेका जनसंख्याको ख्याल राखियोस। | टिप्पणी तथा प्रतिकृयाको क्रममा प्राधिकरणद्वारा प्रस्तावित यस महसुल निर्धारण प्रस्ताव कोभिड १९ को सन्दर्भमा नसुहाउँदो भन्ने कुरा पनि उठेको छ। तर, हामीले यस प्रस्ताव आयोगसमक्ष पेश गर्दा स्थिति अलि भिन्न थियो। कोभिड-१९ को कारण सबै क्षेत्रमा खपत घटेर जाला भनेर हामीले सोचेका थिएनौं । खपत बढोस् भन्ने हाम्रो पनि चहाना हो । कोभिड १९ को प्रभावले हुने परिवर्तनहरूलाई सही तरिकाले सम्बोधन गरी अघि |
| २०७७/०२/१२ | डिल्ली घिमिरे | | | | |
| २०७७/०२/१२ | भिम घिमिरे | | कोभिड-१९ को सन्दर्भमा महसुल दर सुहाउँदो नभएको_सम्बन्धी | १. आजको दिनमा हामी प्रदेश १ का उद्योगीहरू कोरोना भाइरसको प्रकोपको कारण समस्यामा परेको स्थिति छ । त्यसमाथि ने.वि.प्रा.को विद्युत महसुल बढाउने प्रस्तावले हामी थप मारमा परेका छौं । यो प्रस्ताव अवैज्ञानिक र अव्यवहारिक छ ।<br>२. कोभिड १९ का कारण उद्योगहरू थप समस्यामा परिसकेका कारण ने.वि.प्रा. ले विद्युत महसुल बढाउनु हुँदैन ।<br>३. ने.वि.प्रा.का खर्चहरू अत्याधिक भएका कारण तिनको पुनरावलोकन जरूरी छ ।<br>४. ने. वि.प्रा. नाफामुलक संस्था नभएर सेवामुखी संस्था हुनु जरूरी छ ।<br>५. भोल्टेज तलमाथि हुने, अघोषित लोडसेडिङ् तथा ट्रिपिङको समाधान खोज्न तिर ने.वि.प्रा. लाग्नुपर्ने देखिन्छ ।<br>६. डेडिकेटेड लाइनको लागि सामान्यभन्दा बढि महसुल हुनुको कारण के हो, त्यो प्रष्ट पार्नुपर्ने देखिन्छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बढ्न हामी आयोगसँग छलफल गर्ने नै छौं । त्यस क्रममा, यस कार्यक्रममा दिइएका राय सुझावहरूलाई समेत मनन गरिनेछ ।<br>माथि उल्लेख गरे जस्तै यो विद्युत महसुल निर्धारण प्रस्ताव हामीले कोभिड-१९ महामारी नेपालमा देखिनु अगावै बुझाएका थियौं र आजको दिनसम्म आइपुग्दा धेरै कुरा परिवर्तन भएका छन्। तसर्थ, अवस्था अनुसारको उपयुक्त निर्णय लिनको लागि हामी आयोगसँग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | छलफल गरी अघि बढ्ने छौं । |
| २०७६/१०/११ | विनोद कुमार उपाध्याय | binodupadhyay5@gmail.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | विभिन्न संचार माध्यममा प्रकाशित समाचार अनुसार मासिक २० युनिट खपत गर्ने करिब २४,००,००० उपभोक्ता छन्। तथापी, ने.वि.प्रा को २०७५/७६ को वार्षिक प्रतिवेदन अनुसार ग्राहस्थ उपभोक्ता कूल ३६,५७,०९२ छन्, र २० युनिट भन्दा कम खपत गर्ने उपभोक्ता कूल १२,५७,०९२ जना रहेको जनाएको छ। प्रस्तावित महसुल दरमा ०-१०, ११-२०, २१-५०, ५१-१००, १०१-२५० र २५० भन्दा माथी गरी छ वटा महसुल स्ल्याब तोकिएका छन्। उपभोक्तालाई कसरी फाइदा अथवा बेफाइदा पुग्दैछ भनेर हामी निम्न तालिका हेर्न सक्छौं :<br>Units Minimum New Total Total amount % loss/Profit<br>charge Tariff Rate Amount as old tariff<br><=१० ३० ० ३० ६० +५०<br>११-२० ३० ३ ३३-९० ३३-९० ०<br>२१-३० ५० ८.५० ११८.५० — १९५ ११७ — १८० — १.२८ to -८.३३<br>३१-५० ५० ८.५० २०३.५०-३६५ २१३.५ — ३७५ ४.६८ to २.६६<br>५१-१०० ७५ ९.७५ ३९९.७५- ८७७.५ ४१० -९०० २.५<br>१०१-२०५ १२५ १०.५० ९३८ — २०३० ९१० — २०३० -३.०७ to ० | ग्राहस्थ उभपोक्ता मध्ये केही उपभोक्ताहरूले हाल विद्यमान महसुल दर भन्दा बढी तिर्नु परेको कुरा पनि सुनियो। तर ५ एम्पेयर उपभोक्तको सम्बन्धमा १० युनिटसम्म ५० प्रतिशतले विद्युत महसुल घटेको छ। ११ युनिटको लागि महसुल यथावत छ । २१ युनिटको लागि १.२१ प्रतिशतले मात्र बढेको छ। त्यसै गरि ३० युनिटको लागि पहिले १८० रूपैयाँ महसुल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | २०६-२५० १२५ १०.५० २०४०.५ — २५०२.५ २०४१ — २५२५ ० .०२ to ०.८९ २५१-२५५ १२५ १०.५० २५६४-२६१० २५६२-२६१० — ०.०७ to ० २५६-४०० १२५ १०.५० २६२१.५ — ४२७७.५ २६२२-४३५० ०.०२ to १.६७ ४०० — १००० १२५ १०.५० ४२८९ — ११९७७.५ ४३८८ — १२१७५ २.२५ to ८.१९ उपरोक्त अध्ययनबाट प्रस्तावित महसुल दर वैज्ञानिक नभएको देखिन्छ, तथा नाफा र नोक्सान समेत सरल देखिँदैन। १२ -३०, १०१-२०४ र २५१-२५४ मा उपभोक्ताले नोक्सान व्यहोर्नु परेको देखिन्छ र २४,००,००० पछी अधिक उपभोक्ता नोक्सानको रेखामा रहेका देखिन्छन। विद्युत महसुल दरले मध्यम वर्ग तथा न्यून-मध्यम वर्गलाई सम्बोधन गर्नु पर्ने भए तापनि प्रस्तावित महसुल दरले सो नगरेको देखिन्छ। उपरोक्त परिच्छेदमा उल्लेख गरिए बमोजिम मासिक २० युनिट खपत गर्ने २४,००,००० उपभोक्तामा करिब ७,००,००० जनाले ५०% लाभ पाएका छन् भने बाँकी १७,००,००० जनाले साविक दरमा नै महसुल तिर्नुपर्ने छ। बाँकी १२,५७,०९२ उपभोक्ता मध्ये ६०% ले औसतन २१-२०० युनिट खपत गर्छन, जसमा ३१-१०० युनिट खपत गर्ने उपभोक्ताले २.५% लाभ पाएका छन् भने अन्यले नोक्सान व्यहोर्नु परेको छ, बाँकी ४०%ले १-५% को न्युन लाभ लिने देखिन्छ। तसर्थ, यस प्रस्तावित महसुलले | हुन्थ्यो भने नयाँ दर अनुसार १९५ हुन्छ। तर ३० बाट ३१ युनिटमा चढ्ने बित्तिकै हालको दर भन्दा प्रस्तावित दर अन्तर्गत कम महसुल हुन आउने हुन्छ। इन्डक्सन चुल्हो प्रयोगकर्ता यो समुह भित्र पर्दैनन् तसर्थ यो वृद्धिले इन्डक्सन चुल्हो प्रयोगकर्तालाई प्रभाव पार्दैन । तर, आयोगसँग आवश्यक परामर्श गरी प्रस्तावित महसुल दरलाई थप परिवर्तन गर्न सकिनेछ। २०० युनिट सम्मका उपभोक्तालाई केही वृद्धि भएको देखिएपनि त्यो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | उपभोक्ताले आश गरे बमोजिमको लाभ दिने देखिँदैन। केहि गल्ति भएमा माफी माग्दछु। | निकै झिनो वृद्धि हो । तर १५० - |
| २०७६/११/०७ | प्रभाकर आचार्य | acharya10@gmail.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | म ३२ एम्पियरको विद्युत खपत गर्दछु। मा मासिक रुपमा औसतन १५० युनिट भन्दा अधिक विद्युत खपत गर्छु र यदि मैले इन्डक्सन चुल्हो प्रयोग गरे भने, मेरो मासिक औसतन खपत करिब २०० युनिट जति हुन जान्छ। यस अवस्थामा म ग्यास चुल्होलाई विस्थापन गर्न सक्दिन, जुन रु. १० भन्दा कम खर्चिलो हुनुपर्ने हो। | २०० देखि ४०० सम्मका उपभोक्तालाई भने प्रस्तावित महसुल अन्तर्गत नै सस्तो पर्छ। ग्राहस्थ वर्गका |
| २०७६/११/०७ | प्रनिश पाठक | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | अहिलेको प्रस्तावित महसुल दर पहिले प्रस्तावित भन्दा फरक रहेको छ। यस महसुल दरले इन्धनको विरुद्ध विद्युतीय उपकरणको प्रयोगलाई प्रोत्साहित गर्ने देखिँदैन। केहि समाचारको अनुसार मासिक रुपमा औसत ४०० युनिट प्रयोग गर्ने व्यक्तिले रु.३ प्रति युनिट तिर्नु पर्नेछ। यस्तो अधिक महसुल दरले उपभोक्तालाई विद्युतीय उपकरण प्रयोग गर्नबाट हतोत्साहीत गर्ने निश्चित छ। https://thehimalayantimes.com/business/nepal-electricity-authority-proposes-power-tariff-reduction-for-households/ | उपभोक्तालाई किन सेवा शुल्क लिएको भन्ने कुरो उठेको छ । त्यसलाई सेवा शुल्क भनिए पनि त्यो न्युनतम शुल्क हो । हामी सबैलाई थाह छ कि प्राधिकरणले जलविद्युत |
| २०७६/११/०८ | सन्तोष | santoshky555@yahoo.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | वर्तमान विद्युत रसिदमा मर्मत सम्भार शुल्क (Repair Maintenance Charge) लिने गरिएको छ जुन कम गरिनु आवश्यक छ। | आयोजनाहरूसँग टेक अर पे विद्युत खरिद सम्झौता गरेको छ र विद्युत |
| २०७६/११/०८ | चन्द्र महर्जन | maharzan@gmail.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | ग्राहस्थ डिमान्ड शुल्क घटाउनु पर्ने | खरिद गरेपनि, नगरेपनि जलविद्युत आयोजनाहरूलाई हामीले पैसा तिर्नै |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७६/११/०८ | प्रनिश पाठक | pranish.pathak@gmail.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | Induction चुल्हो प्रयोग गर्न र पेट्रोलियम उर्जाको उपयोग घटाउन प्रोत्साहन गर्न ग्राहस्थ वर्गको महसुल घटाउनु पर्ने | पर्ने हुन्छ । यदि भोलिका दिनमा विद्युतको खपत कम भएर गए र उर्जा शुल्कबाट पैसा नउठेको खण्डमा प्राधिरकणको वित्तिय स्वस्थ्य कायम राख्न त्यो न्युनतम शुल्क जरूरी रहन्छ । तर यसको सम्बन्धमा पनि थप छलफल गरेर अघि बढ्न सकिन्छ । ग्राहस्थ उपभोक्तामध्ये मासिक १० युनिट मात्र उपभोग गर्ने उपभोक्तालाई प्रदान गर्ने भनिएको निशुल्क बिद्युतसम्बन्धी प्रावधान सामुदायिक |
| २०७६/११/०८ | रामशरण कार्की / बुढानिलकण्ठ, काठमाडौं | chandrakarkikarki@gmail.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | १. Induction चुलो प्रयोग गर्दा कति युनिट खर्च हुन्छ भन्ने आँकलन गरी सो अनुसार सर्बसाधारणलाई मर्का नपर्ने गरी महसुल निर्धारण गर्नु<br>२. डिमान्ड शुल्कको परिभाषा र इनर्जी शुल्क बाहेक डिमान्ड शुल्क लिनुपर्ने औचित्य नरहेको। | |
| २०७६/११/०८ | गेहेन्द्र गुरुङ | gehendra363@gmail.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | डिमान्ड शुल्कको परिभाषा कायम गरिनु पर्ने र इनर्जी शुल्क बाहेक डिमान्ड शुल्क लिनुपर्ने औचित्य नरहेको। | |
| २०७६/११/०८ | नारायण पन्त | nrynpanta@gmail.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | सबै स्ल्याबका उपभोक्ताहरुलाई समान फाइदा हुने नदेखिएको | |
| २०७६/११/०८ | संजय काफ्ले / मध्यपुर थिमी-१, लोकन्थली, भक्तपुर | sanjivkafle7059@gmail.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | बहालवाला ग्राहकहरुले प्रति युनिट कति महसुल तिर्नुपर्ने हो र बहलवालाले विद्युत खपत गरे वापत कति तिर्नुपर्ने हो | |
| २०७६/११/११ | विनोद चापागाई | binod.chapagain@gmail.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | वर्तमान परिपेक्षमा काठमाण्डौ उपत्यका र अन्य शहरी क्षेत्रको मासिक औसत विद्युत खपत १०० युनिट जति रहेको इन्डक्सन चुल्होको प्रयोग बढाउँदा औसत खपत मासिक २०० युनिट जति हुन जान्छ, तथापी वैकल्पिक विद्युतीय उपकरण प्रयोगकर्तालाई भने केहि राहत महसुस हुने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | देखिँदैन। तसर्थ, यस विषयमा आवश्यक कदम चालिनुपर्छ। | उपभोक्तालाई पनि लागु हुनेछ। |
| २०७६/११/१२ | विनोद उपाध्याय | binodupadhyay5@gmail.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | प्रस्तावित महसुल दर सबै स्ल्याबका उपभोक्ताहरुलाई समान फाइदा हुने नदेखिएको | |
| २०७६/११/१२ | तिर्थराज पौडेल | trpoudel2030@gmail.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | नेपाल विधुत प्राधिकरण विधुत बितरण विनियमावली २०६९को परिच्छेद – ७ को धारा ३६ को उपधारा २ मा ३० एम्पियर सम्म मात्र सिङ्ल फेज सप्लाइ दिन सकिने ३० एम्पियर भन्दा बढीको लागि थ्री फेज सप्लाइ दिइनेछ भनिएको छ तर बिधुत महसुल सङ्कलन बिनियमावली २०७३ अनुसूची – १ को बिनिमय १ को १.१ (क) मा सिङ्ल फेज ६० एम्पियर सम्मको ट्यारिफ रहेकोले ने.वि.प्रा.को दुई वटा विनियमावली एक अर्कोमा बाझिएकोले सुधार हुनु पर्ने देख्दछु। | |
| २०७६/११/१३ | रामबाबु ढकाल | rambabu_dhakal@yahoo.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | Induction चुलो प्रयोग गर्न र पेट्रोलियम उर्जाको उपयोग घटाउन प्रोत्साहन गर्न ग्राहस्थ वर्गको महसुल घटाउनु पर्ने। | |
| २०७६/११/२७ | बिन्दु पोखरेल | bindupok347@gmail.com | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | नमस्कार,<br>सर्बप्रथम त म उर्जा र यस का आयाम हरु संग सरोकार राख्ने एक स्वोतन्त्र कानुन को बिद्यार्थी भएको नाता ले सके सम्म आफुलाई लागेको , देखेको ,भोगेको कुरा हरु सुझाब को रुपमा सके सम्म छोटकरीमा राख्न चाहन्छु.<br>१) ग्राहस्थ मा मुस्किल ले १५ A दिने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विद्युतप्राधिकरण ले सिंगल फेज मै ३० A सम्म को रेट राखु स्वाभाविक जस्तो नै लागे पनि ६० A को पनि रेट पनि राखु सोझै कपि पेस्ट अथवा राख्न को लागि मात्र राखे जस्तो भयो , ब्यवहारता विद्युतप्राधिकरण का विभिन्न बिनियामवाली , काम गर्ने ब्यबहारिक पछ, फेज ब्यालंस को समस्या ले पनि यो कार्यन्वयन नहुने बुदा राखेर आखो मा छारो नहालेको भए राम्रो हुने . अग्रगामी समय मा पुराना गल्ति , अव्यवहारिक बुदा हरु नहटाउने हो भने नेपाल यस्तै कार्यन्वयन नहुने नीति नियम ले डम्प हुने भयो , सुधार को सुरुवात विद्युतनियमन आयोग मार्फत नै होस भन्ने अपेछा सहित आफ्नो बहुमुल्य समय व्यतित गर्दै लागेका कुरा हरु मा नागरिक को हिसाब ले सरोकार राखेकी हु .<br>२) शहरी मध्यम वर्ग को केटगोरि लगभग १५ ये सिंगल फेज र उपभोग को द्रिस्तिकोड ले पनि मासिक २५० युनिट भन्दा बडि नै हुने हुदा तेस्को लागि प्रस्तावित रेट लगभग १२ रुपैया परे युनिट भन्दा बडि पर्ने देखियो जुन , हिउद को लागि पनि महँगो त हो नै बर्खा सिजन (असार -कार्तिक ) सम्म को लागि अत्याधिक बडि नै हो , यसले नाता बडि उर्जा प्रयोज गरेर अन्य उर्जा को श्रोत कम गर्न प्रेरित गर्छ न त विद्युत प्राधिकरणको खेर जाने (बर्खा मा ) उर्जा लाइ उपयोगी काम मा लगाउन प्रेरित गर्छ , पुनर्विचार गरियोस ताकि रास्ट्रिय अर्थतन्त्र लाइ पनि टेवा दिन सकोस . ख र ग बुदा को लागि पनि यस्तै होस् . | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ३) ग बुदा अन्तर्गत पनि झुक्याउने बुदा जस्तो छ ,११ केभी र ३३ केभी मा अहिले सम्म ग्राहस्थ लाइ विद्युतसुबिधा दिएको छ जस्तो लाग्दैन , अनाबस्यक मसि को खर्च हो कि<br>धन्यबाद | |
| २०७६/१२/०७ | कटक बहादुर श्रेष्ठ | kbs@syntegrate.com.np | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | १. बिजुलीको खपतको अभिलेखलाई आधार बनाएर त्यस अनुसारको वर्गीकरण गरिनुपर्ने<br>२. साथै प्राधिकरणको बिजुलीको खपत बढाउने र ग्याँसको प्रयोग घटाउने उद्देश्यलाई प्रस्तावित महसुलले सार्थक तुल्याउन नसकेको | |
| २०७७/०२/१२ | तिलक खतिवडा, सनसिटी अपार्टमेन्ट | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | १. यस अपार्टमेन्टको बासिन्दाको सुरूवाती दिनहरूमा हामीलाई व्यापारिक उपभोक्ताको हिसाबले विद्युत महसुल लिइने गरेको थियो । पछि, लालपुर्जा प्राप्त गरिसकेपछि भने हामीलाई विद्युत प्राधिकरणले ग्राहस्थ बर्गको रूपमा महसुल लिन थालियो । यदि अपार्टमेन्टहरू लगायतका सबै संयुक्त बस्तिहरूका बासिन्दाहरूको लागि भनेर सुरूवात देखि नै ग्राहस्थ महसुल लिने ब्यवस्था लागु गरे राम्रो हुनेथियो ।<br>२. विद्युत सस्तो मुल्यमा उपलब्ध गराउन सके उर्जाका अन्य स्रोतहरूलाई विस्थापित गर्न सघाउ पुग्ने थियो । | |
| २०७७/०२/१२ | बिनोद उपाध्याय | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | महसुलको वृद्धि र कटौती ग्राहस्थ वर्गको हरेक स्ल्याबमा समान हुनु पर्छ। | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७७/०२/१२ | महेन्द्र चुडाल | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | १. प्रस्तावित महसुलले उपभोक्ता माझ इन्डक्शन कुकरको प्रयोगलाई प्रोत्साहन गर्न सक्दैन।<br>२. ग्राहस्थ्य वर्गको सबै भन्दा ठुलो उप-वर्गमा विद्युत महसुल वृद्धिको प्रस्ताव भएको छ, जुन न्यायोचित ठहरिन सकिंदैन | |
| २०७७/०२/१२ | देव नारायण सापकोटा | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | ग्राहस्थ वर्गमा पहिले न्युनतम महसुललाई सेवा शुल्कमा रुपान्तरण गरियो। सिंगल फेजको ग्राहस्थ वर्गमा विद्युत महसुल घटाइनु पर्छ। ने.वि.प्रा ले दिने १००-१५० युनिट ग्राहकलाई दिने छुट प्रचलनमा आएको छैन। डेडीकेटेड फिडरको आवेदन नदिए तापनि सो को महसुल लिइएको छ। | |
| २०७७/०२/१२ | मधुसुधन अधिकारी, | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | म आयोगलाई ने.वि.प्रा.को महसुल तोकेजस्तै अफ ग्रीड विद्युतको समेत महसुलको ढाँचा तोक्ने व्यवस्था मिलाईदिनुहुन अनुरोध गर्दछु ।साथै आगामी दिनहरूमा विद्युतको खपत बढाउनको लागि भान्छामा विद्युतिय चुल्होको प्रयोगलाई बढावा दिन ५० देखि १५० बिचको स्लाबलाई विद्युत महसुल घटाउनु पर्ने आवश्यकता औंल्याउन चहान्छु । | |
| २०७७/०२/१२ | mhtmadhav | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | ग्राहस्थ वर्गको उपभोक्ताको लागि डिमाण्ड चार्ज रु. १०० कायम गरिनुपर्छ तथा विद्युतको सुविधाको दुरुपयोग हुने हुँदा १० युनिट खपत गर्ने वर्गको लागि नी:शुल्क विद्युतको व्यवस्था गरिनु हुँदैन। | |
| २०७७/०२/१२ | सक्रिय न्यौपाने | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | प्रस्तावित महसुल दर उच्च रहेको र यस महसुल दरमा Per Capita खपत वृद्धि गर्न नमिल्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७७/०२/१२ | अच्युत अर्याल | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | विद्युतीय उपकरण (जस्तै इन्डक्सन चुल्हो) को प्रयोगले विद्युतको खपत बढाउँछ। तर के यसको तयारी गरिएको छ त? यसै गरी, नेट मिटरबाट सोलार बाट ग्रिडमा विद्युत आपूर्ति गर्दाको अधिक विद्युतको मूल्यांकन कसरी गर्ने ? Pre-Paid मिटर संचालन गर्ने केहि योजना छ? | |
| २०७७/०२/१२ | सुबर्ण कपाली | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | महसुल सहज भए ग्राहस्थ वर्गले खपत बढाउने छन्। विद्युतीय चुल्होको प्रयोगले मासिक रुपमा प्रति व्यक्ति १-२ युनिट खपत हुन्छ, १५ एम्पियर विद्युत प्रयोगकर्तालाई सुविधाजनक हुने। | |
| २०७७/०२/१२ | बिनोद उपाध्याय | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | महसुलको वृद्धि र कटौती ग्राहस्थ वर्गको हरेक स्ल्याबमा समान हुनु पर्छ। | |
| २०७७/०२/१२ | हरिराम पोखरेल | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | ग्राहस्थ उपभोक्ताको लागि पनि निजि ट्रान्सफरमर सहितको ११ के.भी TOD मिटरको महसुल दर सम्बन्धी ब्यवस्था गरिनुपर्ने। | |
| २०७७/०२/१२ | रामकृष्ण हुमागाईं | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | ग्राहस्थ उपभोक्ता र सामुयादिक उपभोक्तामा भिन्नता गरिनु नहुने। विद्युतीय चुल्होको प्रयोगकर्ताको महसुल घटाइनुपर्ने। | |
| २०७७/०२/१२ | गुरु न्यौपाने | | ग्राहस्थ वर्गलाई प्रोत्साहन हुने नदेखिने सम्बन्धी | १. नेपाल सरकारको आगामी बजेटले विद्युतिय सवारी साधन तथा इन्डक्सन चुल्होमा छुट दिने सुनिएको छ । अब निर्धारण हुने उपभोक्ता विद्युत महसुलले पनि उक्त घोषणा हुने बजेटका प्रावधानहरूलाई लागु गर्न सहयोगी भुमिका खेलोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | २. नेपालको विजुली भारत निर्यात गर्दा, भारतको विजुली नेपाल आयात गर्दा र नेपालको बिजुली नेपालका उद्योगहरूलाई उपलब्ध गराउँदाको महसुलका बिच तादाम्य मिल्ने गरी उचित तरिकाले महसुल निर्धारण गरिनुपर्ने । | |
| | | | | | |
| २०७७/०२/१२ | शैलेन्द्र गुरागाई | स्वतन्त्र उर्जा उत्पादक संघ | ने.वि.प्रा ले विद्युत खरिद गर्ने भन्दा अधिक मूल्यमा बिक्री गरेको भन्ने सम्बन्धी | खरिद मूल्य र खरिद मूल्यमा २०%को मुनाफा हेरेर मूल्य तोकिनु पर्छ। हामीले रु. ३.९० ने.वि.प्रालाई बिक्री गरिरहेको छौं भने निजले सो भन्दा २०% भन्दा अधिक मूल्यमा बिक्री गरिरहेको अवस्था छ। मूल्य निर्धारणमा गरिएको प्रस्तावमा २०% कट्टी गरी मूल्य तोकिने व्यवस्था गरियोस। | नेपाल विद्युत प्राधिकरणले विद्युत खरिद गर्दा ५.३ रूपैंयामा गरिद गरी बिक्री गर्दा अधिक मुल्य (१० रूपैयाँमा) गरेको भन्ने कुरा आएको छ। यथार्थमा हामीले ५.३ रूपैंया भन्दा कममा पनि विद्युत खरिद गरेका छौं, जुन धेरै अगाडि पि.पि.ए. गरिएका ससाना आयोजनाहरूबाट प्राप्त हुन्छ। तर विद्युतको दरलाई त्यसरी हेरेर हुँदैन, प्राधिकरणले खरिद |
| २०७७/०२/१२ | कुमार पाण्डे | स्वतन्त्र उर्जा उत्पादक संघ | ने.वि.प्रा ले विद्युत खरिद गर्ने भन्दा अधिक मूल्यमा बिक्री गरेको भन्ने सम्बन्धी | ने.वि.प्रा. ले प्रस्तुत गरेको निवेदनको विद्युत खरिद सम्बन्धी बुँदामा स्वतन्त्र उर्जा उत्पादकहरूबाट पेनाल्टि स्वरूप आ.व. २०७५।७६ लिने गरेको आम्दानीको उल्लेख छैन । जलविद्युत आयोजनाहरूबाट खरिद गर्ने गरिएको विद्युत मुल्यमा पनि एकरूपता नभएको देखियो ।ने.वि.प्रा. नाफामुखी संस्थाको रूपमा अघि आइरहेको छ, साथै एक डिफल्टरको रूपमा पनि अघि आइरहेको छ किनकी फोर्स्ड आउटेज बापत दिनुपर्ने भुक्तानी ने.वि.प्रा.ले दिने गरेको पाइएको छैन ।वि. सं. २०५८ साल यता उपभोक्ता महसुल ४५ प्रतिशतले बढेको स्थिति भएता पनि ने.वि.प्रा.ले विद्युत खरिद गर्ने दरमा कुनै परिवर्तन देखिँदैन ।त्यसैले स्वतन्त्र उर्जा उत्पादकसंग विद्युत खरिद गर्ने मुल्य पनि उपभोक्ता महसुलसंग गाँसिनुपर्छ ।स्वतन्त्र उर्जा उत्पादकसंग खरिद गरिने उर्जाको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मुल्य पुनारावलोकन गरिनुपर्छ ।तसर्थ, ने.वि.प्रा.ले फोर्स्ड आउटेज, पेनाल्टि र पि.पि.ए. दर को बारेमा पुनर्विचार गर्नु जरूरी छ । त्यसका साथै, विद्युत नियमन आयोगले पनि ह्विलिङ् चार्जको सम्बन्धमा चाँडै नै निर्णय गरी उद्योगहरूले विद्युत उत्पादकहरूसंग स्वतन्त्र रूपमा विद्युत खरिद गर्ने प्रक्रियालाई सहज बनाउनु जरूरी छ ।त्यस्तै पुर्ववक्ताले भने अनुसार यदि ने.वि.प्रा. लाई घाटा हुने स्थिति छ भने विद्युतमा भ्याटको व्यवस्था ल्याउन सकिन्छ । अन्ततः हालको विद्युत महसुल निर्धारण गर्दा खिम्ति जलिवद्युत र माथिल्लो तामाकोशीको कारण ने.वि.प्रा.को प्रभावलाई पनि आधार बनाउनु जरूरी छ । | गरेको समग्र विद्युतको औसत दर हेर्नुपर्ने हुन्छ। त्यसरी हेर्दा स्वतन्त्र उर्जा उत्पादकहरूसँग खरिद गरेको विद्युतको औसत दर नै ७.२७ रूपैंया नै हुन आउँछ। भारतबाट आयात गरिएको विद्युतको दर ८.१५ रूपैंया हुन आउँछ। दुवै तिरको हिसाब गर्दा ने.वि.प्रा.ले किन्ने विद्युतको दर प्रतियुनिट ७.८ रूपैंया हुन आउँछ ।<br>त्यसमा १४,१५ प्रतिशतको प्रसारण तथा वितरण क्षति समेतको हिसाब गर्दा रूपैंया ९ प्रति युनिट वरिपरि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्राधिकरणकै पर्न जाने देखिन्छ। बाँकी १ रूपैंया प्रति युनिटमा कर्मचारी खर्च, मर्मत संहार, ह्रासकट्टि, आदि खर्चको व्यवस्थापन गर्नुपर्ने हुन्छ । तसर्थ हामीले उपलब्ध गराएको आँकडालाई मध्यनजर गरिदिनुहुन अनुरोध गर्दछु । विद्युत आयात गर्दा नेपाल भित्रबाट खरिद गरिएको विद्युत भन्दा आयातित विद्युतको मुल्य बढि भएको कुरा छ। यद्यपी हामीले खरिद गर्ने भारतको विद्युतको ९० प्रतिशत विद्युत सुख्खा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | याममा भित्रिने गर्दछ। तर सुख्खा यामको समयमा नेपालका जलविद्युत आयोजनाहरूबाट पनि ८.४ रूपैयाँमा विद्युत खरिद गरिन्छ र यो दर भारतबाटै किनिने विद्युतको दर वरिपरी नै हुन आउँछ। नेपालले आफ्नो उर्जाको आवश्यकता पूर्ति गर्नमात्र विद्युत खरिद गरेको हो, जुन आउने वर्षहरूमा नेपाल भित्रको उत्पादन बढे पछि कमी हुन आउनेछ। |
| | | | | | |
| २०७७/०२/१२ | राजेन्द्र अर्याल/ थापाथली, काठमाडौं | info@fedwasun.org | खानेपानी तथा सिंचाई प्रयोजनको लागि TOD मिटर सम्बन्धी | १. सामुदायिक खानेपानी वर्गको विद्युत महसुलमा डिमाण्ड शुल्क हटाइएकोमा ने.वि.प्रा प्रति धन्यवाद व्यक्त गर्दछु।<br>२. सामुदायिक खानेपानी वर्गको विद्युत महसुलको | प्राधिकरणको विचारमा खानेपानी प्रयोजनको लागि टाइम अफ डे |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | इनर्जी शुल्क सिंचाई वर्गको भन्दा कम हुनुपर्ने। ३. सामुदायिक खानेपानीको वितरण पीक समयमा हुने हुँदा यस वर्गबाट TOD मिटरको प्रावधान हटाइनुपर्ने। | मिटर नै उपयुक्त हुने देखिन्छ, किन भने खानेपानीको लागि विद्युतको प्रयोग पिक समयमै गर्नुपर्छ भन्ने छैन। साथै, अन्य ग्राहक वर्गको तुलनामा सामुदायिक खानेपानीको महसुल उसैपनि कम नै छ । तसर्थ टाइम अफ डे मिटर खानेपानीको लागि हटाउनुपर्ने कारण देखिँदैन । सिंचाइको लागि टाइम अफ डे मिटरिङ् महसुल हटाउने सन्दर्भमा रातको समयमा खेरा जान सक्ने विद्युतलाई सिंचाइमा प्रयोग गर्न प्रोत्साहन गर्ने साथै रातको समयमा सिंचाइमा |
| २०७६/१२/०२ | राष्ट्रिय कृषक समुह महासंघ नेपाल / काठमाण्डौ | राष्ट्रिय कृषक समुह महासंघ नेपाल | खानेपानी तथा सिंचाई प्रयोजनको लागि TOD मिटर सम्बन्धी | नेपाल विद्युत प्राधिकरणबाट प्रस्तुत यस निवेदनमा माथिल्लो भोल्टेज स्तर, मझौल भोल्टेज स्तर र टाइम अफ डे अन्तर्गत कृषक समुहले सिंचाइका लागि प्रयोग गर्ने विद्युतमा पनि डिमाण्ड चार्ज लगाउने प्रस्ताव गरिएकोमा कृषक समुहको सिंचाइमा डिमाण्ड शुल्क लगाउने उक्त व्यवस्था हटाउनु पर्ने । | |
| २०७७/०२/१२ | राजेन्द्र अर्याल/ थापाथली, काठमाडौं | info@fedwasun.org | खानेपानी तथा सिंचाई प्रयोजनको लागि TOD मिटर सम्बन्धी | सामुदायिक खानेपानीको विद्युत महसुलमा ५०% कम हुने गरी विद्युत महसुल निर्धारण गरियोस साथै TOD महसुलमा समेत ५०% घटाइयोस। | |
| २०७६/१२/०२ | नवराज बस्नेत/ काठमाण्डौ | राष्ट्रिय कृषक समुह महासंघ नेपाल / nfgfnepal@gmail.com | खानेपानी तथा सिंचाई प्रयोजनको लागि TOD मिटर सम्बन्धी | १. माथिल्लो भोल्टेज, मझौला भोल्टेज र टाइम अफ डे अन्तर्गत सिंचाईका लागि खपत हुने विद्युतको महसुलमा डिमान्ड शुल्क नलगाउनु पर्ने २. सिंचाई अन्तर्गत ग्राहकको वर्गीकरण गर्दा कृषि मिटर प्रयोग गर्ने भन्ने शब्दहरु प्रयोग हुनुपर्ने र सिंचाईको हकमा टाइम अफ डे मिटरको सट्टामा कृषि मिटर प्रयोग गर्ने व्यवस्था हुनुपर्ने ३. कृषक समुहको सिँचाईका लागि प्रस्ताव भएको महसुल दर कम्तिमा आधा हुनुपर्ने | |
| २०७७/०२/१२ | प्रतिमा पराजुली | | खानेपानी तथा सिंचाई प्रयोजनको | किसानको लागि TOD मिटर प्रणाली हटाइनु पर्छ र नेपाल सरकारको अनुदानको लागि योग्य तुल्याउन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लागि TOD मिटर सम्बन्धी | "कृषि मिटर" को व्यवस्था गरिनुपर्छ। सिंचाई वर्गको महसुल आधा हुने गरी निर्धारण गरिनुपर्छ। | विद्युत उपभोग गर्दा अन्य अवस्थामा भन्दा धेरै छुट दिने हिसाबले सिंचाइको लागि टाइम अफ डे मिटरिङ् महसुल लगाइएको हो । मेरो विचारमा सिंचाइको लागि यो उपयुक्त छ किनकी सिंचाइ सम्बन्धी काम रातको समयमा समेत गर्न सकिन्छ । सिंचाईको उपभोक्ता संख्या निकै कम भएका कारण सिंचाईको विद्युतिकरणमा समस्या देखिएको छ । आगामी दिनमा कृषी मन्त्रालय र अर्थ मन्त्रालयसँग सहकार्य गरी कृषि एवम् सिंचाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | क्षेत्रको उथ्थानका लागि कार्यक्रम ल्याउने सोचमा हामी रहेका छौं। |
| | | | | | |
| २०७७/०२/१२ | शेखर गोल्छा / काठमाण्डौ, नेपाल | उद्योग वाणिज्य महासंग | ने.वि.प्रा को खर्चमा अत्याधिक वृद्धि भएको भन्ने सम्बन्धी | कोभिड-१९ महामारीले देशमा करिब ४ खरब GDP गुमाउनु पर्ने र १५ लाख जन ले बेरोजगार हुने देखिएको छ। यस्तो अवस्थामा उद्योगलाई थप मर्का पर्न दिन उचित देखिदैन। ने.वि.प्राको प्रस्ताव अनुसार विभिन्न शिर्षकमा खर्च वृद्धि गरी मुनाफा देखिएको छ यस्तो विषम परिस्थितिमा कति न्यायोचित छ? ने.वि.प्रा ले विभिन्न शिर्षकमा १५०% सम्म खर्च बढाएको छ (उदाहरणः कोर्पोरेट कार्यालय खर्च १४३% ले वृद्धि भएको छ)। यो खर्च मात्र नियन्त्रण गर्न सके ४% ले महसुल घटाउन सकिन्छ। मानव संसाधन खर्च ४३% ले बढेको छ, यसलाई नियन्त्रण गर्न सकियो भने पनि ८% ले महसुल घटाउन सकिन्छ। यसै गरी प्रसारण र वितरण चुहावटमा पनि ५% घटाउन सकियो भने ८-९ रुपैयाँ थप कमाउन सकिन्छ भन्ने देखिन्छ। कुनै पनि कम्पनीले आफ्नो खर्च पूर्तिको लागि महसुल वृद्धिलाई आधार बनाउन थाल्यो भने बजारमा उत्पादन कसरी बेच्न सकिन्छ। हामी जलश्रोतको धनी राष्ट्र भएकोले विश्वमा विद्युतलाई आफ्नो प्रतिस्पर्धात्मक लाभको कारक बनाएर हिंड्नुपर्छ। ने. वि. प्रा ले आगामी आर्थिक वर्ष देखि खिम्ती जलविद्युत आयोजनाले उत्पादन गर्ने विद्युत बिना शुल्क र ५०% नयाँ दरमा | कर्मचारी खर्चमा अत्याधिक वृद्धि भएको भनिएको छ। प्राधिकरण नेपाल सरकार अन्तर्गतको संस्था भएकै कारण नेपाल सरकारले लागु गरेका व्यवस्थाहरू हामीले पनि लागू गर्नुपर्ने हुन्छ। गएको वर्ष नेपाल सरकारले कर्मचारीको तलब २० प्रतिशत र महँगी भत्ता २००० ले बढाएको थियो। त्यस उपर यस वर्ष हाम्रा ३०० कर्मचारी थपिँदै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पाउने हुँदा नोक्सानीमा जाने देखिँदैन। संसार भरि सरकारको स्वामित्व भएको कम्पनीहरुको कुनै न कुनै तरिकाले शुलभ दर उपलब्ध गराइराखेको जानकारी गराउन चहान्छु। यस्तो विषम परिस्थितिमा विद्युत महसुल बढ्नुको कारण देखिँदैन। ने.वि.प्र नोक्सानीमा जादैन, ५०% खिम्तीबाट आउँछ। सबै उपभोक्तालाई विद्युत सहज रुपमा आपूर्ति गर्नुपर्छ। देशमा खपत गर्न सके नाफा मुलुक बन्न सकिन्छ। महसुल दर बढाए उद्योग व्यवसाय धरासायी हुने र व्यवसायीहरु वैकल्पिक श्रोतको प्रयोग गर्ने तर्फा लाग्न सक्ने सम्भावना रहेको छ। आजको दिनमा Indian Trading Index नेपाली रुपैंया ५ भन्दा पनि कम रहेको छ। तसर्थ ने.वि.प्रा ले विद्युत निर्यात गर्नु भन्दा देश भित्र नै खपत गराउने वातावरण सिर्जना गर्न सके सजिलै नाफा कमाउन सक्छ। कोभिड-१९को महामारीमा विषम आर्थिक परिस्थितिको निम्न लिखित बुँदा समेटी सम्पूर्णलाई मान्य हुने गरी निर्णय गर्न आयोगलाई निवेदन गर्दाछौंः<br>१. २४ घण्टा नै विद्युत आपूर्ति सहज भइसकेको अवस्थामा ट्रंक लाइन र डेडीकेटेड लाइनको अलग्गै महसुल हुनुपर्ने औचित्य नरहेको।<br>२. भविष्यमा सुख्खा याममा समेत आवश्यकता भन्दा अधिक विद्युत उत्पादन हुने भएकाले फरक दरको औचित्य नरहेको।<br>३. कोभिड-१९ महामारी पश्चात देशको आर्थिक उत्थान गर्न हालको विद्यमान महसुल दर २०% | छन्। त्यही अनुपातमा कर्मचारीहरू सेवानिवृत्त पनि भएका होलान् तर सेवा निवृत्त कर्मचारी प्रतिको प्राधिकरणको दायित्व नघट्ने र थपिने कर्मचारीहरूप्रतिको दायित्व पनि बढ्ने भएका कारण यो संख्या उच्च देखिएको हो।<br>उत्पादन, प्रसारण र वितरणसम्बन्धी खर्चको छुट्टा छुट्टै हिसाब राखिनुपर्ने भन्ने सम्बन्धमा हामीले हिसाब छुट्टाछुट्टै नै राख्ने गरेको छौं। अझ, आगामी दिनहरूमा त हामी छुट्टै लेखा प्रणाली प्रयोगमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भन्दा काम गरेमा आर्थिक पूनरोत्थान छिटो भन्दा छिटो हुन सक्छ। | ल्याउने क्रममा छौं । |
| २०७७/०२/१२ | उत्तर कुमार श्रेष्ठ | | | १. ने.वि.प्रा को खर्चहरु अधिकतम रुपमा बढेका देखिन्छन् । यस विषयमा ने.वि.प्रा र नियमन आयोग दुवैले विश्लेषण गर्नुपर्ने।<br>२. ने.वि.प्रा एक सरकारी संस्था भएकोले ने.वि.प्रा द्वारा तोकिएको इक्विटीमा प्रतिफल ८% कत्तिको औचित्यपूर्ण छ र यसले महसुल निर्धारणमा पार्ने असर के कस्ता हुन्छन् , त्यसको विश्लेषण हुनुपर्ने।<br>३. हालको अवस्थामा विद्युत खपत घटेको र उर्जा अधिशेष रहेकाले लाइफलाइन उपभोक्ता (हाल प्रस्तावित महसुल निवेदन अनुसार ०-१० युनिट्स) उपवार्गलाई उचित हुने गरि महसुल निर्धारण गर्नुपर्ने।<br>४. सामुदायिक वर्गको विद्युत महसुल निर्धारण गर्दा उचित वैज्ञानिक तरिका अपनाएर महसुल निर्धारण गर्नुपर्ने। ५. ग्राहस्थ्य वर्गमा पनि TOD मिटर जडान गर्नुपर्ने। | मर्मत संहार (रिपेयर एण्ड मेन्टेनेन्स) कार्यको लागि छुट्ट्याइएको बजेट अलि बढि देखिएको छ तर यो खर्च निश्चित समयावधिमा भर पर्ने हुन्छ । कुनै वर्ष यसको खर्च अत्याधिक हुन्छ भने अरू वर्षको लागि यो कम हुन सक्छ । यस वर्ष हामीले लगभग ७ अर्बको मर्मत संहार खर्च राखेका छौं किनकी यो वर्ष धेरै जलविद्युत आयोजना तथा प्रशारण लाइनको मर्मत संहारको कार्य आवश्यक रहेको छ । तर, |
| २०७६/१२/१० | विश्वकर्मा सिमेन्टस् प्रा.लि. / त्रिवेणी कम्प्लेक्स,,रामशाह पथ, काठमाण्डौ | त्रिवेणी कम्प्लेक्स,,रामशाह पथ, काठमाण्डौ | ने.वि.प्रा को खर्चमा अत्याधिक वृद्धि भएको भन्ने सम्बन्धी | कानूनी त्रुटी सम्बन्धमाः<br>१. नेपाल विद्युत प्राधिकरणले विद्युत महसुल तथा अन्य दस्तुर निर्धारण गर्न पेश गरेको प्रस्तावका साथ प्रस्तावित विद्युत महसुल निर्धारण गर्न प्रयोग गरिने आधारहरू पनि प्रस्तुत गर्नुपर्ने विद्युत महसुल प्रस्ताव नियमावली, २०५०को नियम ७ (क) को व्यवस्था प्रतिकुल विना विश्लेषण प्रस्ताव मात्र पेश गरेको | |
| २०७६/१२/१० | घोराही सिमेन्ट इन्डस्ट्रि प्रा.लि . | घोराही सिमेन्ट इन्डस्ट्रि प्रा.लि . | ने.वि.प्रा को खर्चमा अत्याधिक वृद्धि भएको भन्ने सम्बन्धी | | |

<table>
<tr><td></td><td></td><td></td><td></td><td rowspan="5">२. उद्योग वर्गमा प्रस्ताव गरिएको उच्च दरको महसुल प्राधिकरणको ऐनमा उल्लेखित सर्वसाधारण जनताको सुविधाको मर्म विपरित रहेको<br>प्राविधिक त्रुटी सम्बन्धमाः<br>१. औद्योगिक वर्गको लागि प्रस्तावित महसुल दर उच्च राखिएको भए पनि त्यसको औचित्य एवम् कारण निवेदनमा प्रष्ट नभएको ।<br>२. २. खास क्षेत्रमा रहेका उद्योगलाई प्रदान गरिने दरमा समस्त उद्योगलाई विद्युत उपलब्ध गराई उत्पादनको लागत कम गराउन सके त्यसको प्रत्यक्ष हितग्राही नेपाली नै हुने र त्यसका कारणले बाह्य लगानी भित्रिने, मुलुकको उत्पादकत्व बृद्दि हुने र रोजगारी एवम् राजस्व समेत बढ्ने ।<br>३. प्रस्तावित विद्युत महसुल निर्धारण गर्नुपर्ने आधारहरु पनि हाल प्रस्तुत गरिएका विश्लेषणसंगै पेश गर्नुपर्ने तर सो नगरिएको<br>४. प्रसारण नोक्सानीलाई घटाउनु पर्ने<br>५. औद्योगिक उपभोक्ता बर्गको हकमा प्रसारण एवम् वितरण लाइनमा हुने क्षति कम हुने र प्रशासनिक एवम् प्राविधक खर्चसमेत न्युन हुने भएका कारण विश्व बजारमा समेत औद्योगिक उपभोक्ता बर्गको लागि सस्तो दर तोकिएको हुन्छ ।<br>आर्थिक एवम् वित्तिय त्रुटी सम्बन्धमाः<br>१. बिना कारण र आधार नेपाल विद्युत प्राधिकरणको मानव संसाधन खर्च ४३ प्रतिशतले बढेको देखिएको छ र कर्पोरेट अफिस खर्चमा १४३ प्रतिशत बृद्दि देखिएको। यी दुई खर्चलाई मात्र नियन्त्रण गरेमात्र</td><td rowspan="5">कोभिड-१९ का कारण उक्त खर्चमा १ देखि १.५ अर्बको कमी आउने देखिन्छ। माथि छलफल गरे अनुसार, यस वर्षको खर्चमा कोभिड-१९ का कारण कमी आउने देखिएको छ। तर, त्यही अनुपातमा आम्दानीमा पनि कमी आउने देखिन्छ ।</td></tr>
<tr><td>२०७६/१२/१०</td><td>श्री पशुपति सिमेन्ट्स प्रा लि / रामशाह पथ, काठमाडौं</td><td>श्री पशुपति सिमेन्ट्स प्रा लि</td><td>ने.वि.प्रा को खर्चमा अत्याधिक वृद्धि भएको भन्ने सम्बन्धी</td></tr>
<tr><td>२०७६/१२/१०</td><td>हामा आइरन एण्ड स्टील इन्डस्ट्रिज प्रा लि / कमलादी, काठमाडौं</td><td>हामा आइरन एण्ड स्टील इन्डस्ट्रिज प्रा लि</td><td>ने.वि.प्रा को खर्चमा अत्याधिक वृद्धि भएको भन्ने सम्बन्धी</td></tr>
<tr><td>२०७६/१२/१०</td><td>सोनापुर मिनेरल्स एण्ड आइल्स प्रालि. / तुलसीपुर, दाङ्ग</td><td>सोनापुर मिनेरल्स एण्ड आइल्स प्रालि.</td><td>ने.वि.प्रा को खर्चमा अत्याधिक वृद्धि भएको भन्ने सम्बन्धी</td></tr>
<tr><td>२०७६/१२/०९</td><td>हुलास स्टील इन्डस्ट्रिज लि / गणबाहाल, काठमाडौं</td><td>हुलास स्टील इन्डस्ट्रिज लि</td><td>ने.वि.प्रा को खर्चमा अत्याधिक वृद्धि भएको भन्ने सम्बन्धी</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पनि औद्योगिक विद्युत महसुल दर १६ प्रतिशतले घटाउन सकिने।<br>२. विद्युत उत्पादन बढेको कारणले लोड सेडिंग समेत अन्त्य भैसकेको अवस्थामा औद्योगिक डेडीकेटेड उपोभोक्ता ग्राहकलाई उच्च दर प्रस्ताव गर्नु पर्ने औचित्य नदेखिएको<br>३. ग्लोबल प्राक्टिसका आधारमा उद्योगलाई व्हिलिंग चार्जमा विद्युत खरिद गर्ने अनुमति दिएमा प्रति युनिट ५/६ रुपैयाँमा खरिद गर्न सकिने<br>४. अफ पिक समय श्रेणीको साविक महसुल दरमा कुनै परिवर्तन गर्न नहुने<br>५. Coal र Furnace Oil मा आधारित विद्युतको लागत ८-९ रुपैया प्रति युनिट भन्दा बढी नहुने, तर पनि उद्योगको लागि अस्वाभाविक प्रस्तावित दर लगाइएको<br>६. तसर्थ तत्कालिन विद्युत महसुल निर्धारण आयोगबाट मिति २०७३ श्रावण १ मा लागु गरिएको दरलाई नै निरन्तरता दिइनु नै न्यायोचित हुने निवेदन गर्दछु । | |
| २०७६/१२/१० | ई. केशव प्रसाद उप्रेती | नेपाल सिमेन्ट उत्पादक संघ | ने.वि.प्रा को खर्चमा अत्याधिक वृद्धि भएको भन्ने सम्बन्धी | ने.वि.प्रा. ले महसुल निर्धारण प्रस्तावसँग सो मासुल निर्धारण गर्नुपर्ने आधारहरु (आर्थिक एवं प्राविधिक विश्लेषण सहित) पेश नगरेको। विद्युत महसुल दर रेट करिब ३६% घटाउन सकिन्छ। Line Loss ५०% ले कम गर्न सके ने.वि.प्रा. को आय अरबौंले बढ्छ। उद्योग वर्गका निमित्त Off Peak Hour वापत साविकको कम दरमा महसुल निर्धारण गरिनु पर्ने। ने.वि.प्रा को मानव संसाधन तर्फ ४३% र कर्पोरेट | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अफिस खर्चमा १४३% वृद्धिको आधार दिईएको छैन, सो नियन्त्रित गरे विद्युत महसुलमा १६% ले कमी आउने देखिन्छ। ।ट्रान्समिसन लस १०% घटाइए १४ बिलियन रुपैंया बचत हुन्छ। व्हिलिंग चार्जको व्यवस्था गरी विद्युत खरिद गर्न दिनुपर्छ। | |
| २०७६/१०/१२ | दिवाकर कार्की / काठमाडौं | रिलाएन्स स्पिनिङ्ग मिल्स लि | ने.वि.प्रा को खर्चमा अत्याधिक वृद्धि भएको भन्ने सम्बन्धी | ने.वि.प्रा ले आयोग समक्ष पेश गरेको विद्युत महसुल निर्धारण सम्बन्धी प्रस्तावमा कानूनी, वित्तीय र प्राविधिक त्रुटी रहेको। विद्युत महसुल निर्धारण नियमावली, २०५० को दफा ७ (क) बमोजिम निजले निवेदनका साथमा विद्युत महसुल निर्धारण गर्ने आधारहरु (आर्थिक एवं प्राविधिक विश्लेषण सहित) पेश गर्नुपर्ने भए तापनि बिना विश्लेषण निवेदन पेश गरेको छ। नेपाल विद्युत प्राधिकरण ऐनको दफा १६ बमोजिम सर्वसाधारण जनताका सुविधा समेतलाई खयाल राखी व्यापारिक सिद्धान्त अनुसरण गर्ने जनाए तापनि, उद्योग वर्गको लागि प्रस्तावित उच्च महसुल दरले उत्पादन खर्च बढाई सो को प्रत्यक्ष भार सर्वसाधारणलाई पर्न जाने निश्चित छ।<br>• ने.वि.प्राको प्रस्तावमा उद्योग वर्गको विद्युत महसुल अस्वाभाविक रुपमा उच्च राखिनुको औचित्य र कारण र त्यसका प्राविधिक विश्लेषण उल्लेख गरिएको छैन। औद्योगिक वर्गको Line Loss, Distribution Cost, प्राविधिक तथा प्रशासनिक खर्च कम रहेकोले उद्योगको महसुल कम रहने विश्व बजारमा प्रचलन छ।ने.वि.प्रा बाट वितरण विद्युतमा २०% सम्म Line Loss भएको अवस्था छ।ने.वि.प्रा ले Off Peak Hour | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वापत साविक बमोजिम कम दरमा विद्युत उपलब्ध गराउनु पर्छ।<br>• ने.वि.प्रा को मानव संसाधन तर्फ ४३% को वृद्धि र Corporate Office Expenses तर्फ १४३% को वृद्धिलाई पुष्टि गर्ने आधार देखाइएको छैन। म्यान पावर तथा कर्पोरेट खर्च नियन्त्रित गरिए उद्योगको लागि प्रस्तावित दरमा १६% कमी आउन सक्छ।ट्रान्समिसन लस १०% घटाइए १४ बिलियन रुपैंया बचत हुन्छ। व्हिलिंग चार्जको व्यवस्था गरी विद्युत खरिद गर्न दिनुपर्छ।<br>• औद्योगिक वर्गलाई उच्च महसुल दर राखेर निरोत्साहित गरिएको छ र यसले सो वर्गलाई अन्य वैकल्पिक उर्जाको प्रयोग गर्न बाध्य तुल्याउन सक्नेछ। | |
| | | | | | |
| २०७७/०२/१२ | गोपी थापा | | ने.वि.प्राको महसुलको अनलाइन भुक्तानी | ने.वि.प्राको महसुलको अनलाइन भुक्तानीलाई प्रोत्साहन गरिनुपर्छ। | विद्युतीय बिल भुक्तानी प्रणालीसम्बन्धी पनि टिप्पणी आएको थियो । त्यसका सन्दर्भमा कुरा गर्दा, हाल प्राधिकरणको महसुलबाट उठ्ने रकमको कुल १० प्रतिशतको वरिपरिको रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नेपालमा चलेका ८, १० वटा विद्युतीय भुक्तानी सेवाहरू मार्फत उठ्ने गरेको छ । कोभिड-१९ को संक्रमणको सन्दर्भमा कुरा गर्दा अनलाइन पेमेन्टको सान्दर्भिकता अझ बढेर गएको हामीले मान्नुपर्ने हुन्छ। |
| | | | | | |
| २०७७/०२/१२ | कुमार पाण्डे | स्वतन्त्र उर्जा उत्पादक संघ | विद्युतमा भ्याट सम्बन्धी | ने.वि.प्रा. लाई घाटा हुने स्थिति छ भने विद्युतमा भ्याटको व्यवस्था ल्याउन सकिन्छ | विद्युतमा भ्याट लगाउने कुरा पनि निस्केको थियो । तर त्यसो गर्दा ग्राहस्थ उपभोक्तालाई सबैभन्दा मर्का पर्ने हुन्छ । फेरि हामी विद्युतको मुल्य घटाउने भनेर लागिरहेको बेला विद्युतमा भ्याट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लगाउँदा अफ्ठ्यारो पर्न सक्छ । त्यसमाथि पनि विद्युतमा भ्याट लगाउँदा निर्यात हुने विद्युतको समेत मूल्य बढेर जानसक्ने हुन्छ । |
| | | | | ने.वि.प्रा को कर्मचारीको आचरणमा सुधारको आवश्यकता। | कर्मचारीका आचरणसम्बन्धमा पनि केही प्रश्नहरू उठेका छन् तर मलाई विश्वास छ, विगतका दिनहरूमा भन्दा आजको दिनमा स्थितिमा धेरै सुधार छ । केही समस्या नै बाँकी छैनन् भनेर त भन्न सकिन्न तर कोभिड-१९ को परिवेशमा निरन्तर विद्युत आपूर्ति कायम राख्न प्राधिकरणका कर्मचारीले खेलेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भुमिकाको हामीले कदर गर्नुपर्छ। प्रदेश नं २ मा महसुल तिर्ने क्रममा प्राधिकरणका कर्मचारीले रू. ५ भन्दा कम फिर्ता नगरेको कुरो आएको छ। तर फिर्ता नआएपनि त्यो तपाईंको खातामै जम्मा भएको हुन्छ। |
| २०७६/१२/०८ | सिद्धार्थ राइस मिल प्रा लि / तिलोत्तमा, रुपन्देही | सिद्धार्थ राइस मिल प्रा लि | Cross-subsidy उद्योगबाट लिन नहुने सम्बन्धी | १० युनिटसम्मको बिजुली निःशुल्क गर्नको लागि Cross-subsidy उद्योगबाट लिनुहुदैंन | क्रस सब्सिडि सम्बन्धी व्यवस्था हटाएर उपभोक्ता वर्गको क्षतिको आधारमा महसुल लिइनुपर्ने माग पनि आएको थियो तर त्यसो गर्दा सामाजिक न्यायको कायम नहुन सक्छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७७/०२/१२ | शाहिल अग्रवाल / नक्साल, काठमाण्डौ, नेपाल | नेपाल फलामे छड उत्पादक संघ | प्रसारण चुहावट सम्बन्धी | प्रसारण चुहावट १५-१७% भने तापनि ठूलो उद्योगमा ५-७% हुने भएकोले सो को लाभ उद्योगमा दिईनुपर्छ। | नेपाल विद्युत प्राधिकरणको प्रसारण/वितरण क्षति धेरै भएको भन्ने कुरो आएको छ। तर यथार्थमा, प्राधिकरणको क्षति हालसम्म कै कम अवस्थामा रहेको छ। विगतमा २० प्रतिशतभन्दा माथि हुने गरेको क्षति अहिले घटेर १४, १५ तिर आएको छ। यो कुरा हामी सबैले बुझ्नु जरूरी छ। प्रतिक्रियाको क्रममा वितरणको क्रममा हुने क्षतिको बारेमा पनि कुरा निस्केको थियो तर प्राधिकरणको वितरण क्षति ९ देखि १० को वरिपरि रहेको छ, जुन भारतको |
| २०७७/०२/१२ | ज्योति बाँनिया | उपभोक्ता हित संरक्षण मंच | प्रसारण चुहावट सम्बन्धी | ग्राहस्थ वर्गमा आपूर्ति हुने विद्युतमा अधिकतम चुहावट हुने गर्दछ, र त्यसको खर्च समेत महसुलको रुपमा उपभोक्ताबाट उठाइए ग्राहस्थ वर्गलाई थप मर्का पर्ने देखिन्छ। | |
| | शेखर गोल्छा / काठमाण्डौ, नेपाल | उद्योग वाणिज्य महासंग | प्रसारण चुहावट सम्बन्धी | यसै गरी प्रसारण र वितरण चुहावटमा पनि ५% घटाउन सकियो भने ८-९ रुपैयाँ थप कमाउन सकिन्छ भन्ने देखिन्छ | |
| २०७६/१२/१० | पंचकन्या स्टील प्रा लि / कोटिहवा, भैरहवा | पंचकन्या स्टील प्रा लि | प्रसारण चुहावट सम्बन्धी | प्रसारण नोक्सानीलाई घटाउनु पर्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बिहार र उत्तर प्रदेशको तुलनामा निकै कम हो । त्यहाँ यस्तो क्षति २० प्रतिशत सम्म हुने गरेको पाइएको छ। |
| २०७७/०२/१२ | ज्योति बाँनिया | उपभोक्ता हित संरक्षण मंच | ने.वि.प्रा को साधारण सभाले वासलात पारित नगरेको सम्बन्धी | विद्युत महसुल निर्धारण आम नागरिकलाई मध्य नजर गरेर गरिनुपर्छ।<br>नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा १८ बमोजिम साधारण सभाले वासलात पारित गर्नुपर्ने व्यवस्था रहेको भए तापनि अहिले ने.वि.प्रा को संचालक समितिले आयोग समक्ष महसुल निर्धारणको प्रस्ताव पेश गरेको छ।<br>उताप्दन, प्रसारण र वितरणको फरक फरक लागत पेश गरे उपयुक्त हुने।<br>यसै गरी करिब १० अरब रुपैंया डेडीकेटेड फिडरको रकम उठाइनु पर्ने देखिन्छ।<br>ग्राहस्थ वर्गमा आपूर्ति हुने विद्युतमा अधिकतम चुहावट हुने गर्दछ, र त्यसको खर्च समेत महसुलको रुपमा उपभोक्ताबाट उठाइए ग्राहस्थ वर्गलाई थप मर्का पर्ने देखिन्छ। यसै गरी RoE मा १० अरब रुपैंया भन्दा अधिक रकम राखिनु अनुचित देखिन्छ।<br>अन्य व्यवस्था अन्तर्गतको खर्च समेत अनुचित देखिन्छ। यसै गरी सेवा शुल्क वापतको रकम समेत उचित देखिँदैन तसर्थ सेवा शुल्क पुरै हटाइनु | नेपाल विद्युत प्राधिकरणले साधारण सभाले पारित गरिसकेपछि मात्र विद्युत महसुल निर्धारणको लागि प्रस्ताव पेश गर्नुपर्ने भनी टिप्पणी आएको थियो। तर ने.वि.प्रा.ले सर्वसाधारणलाई सेयर बाँडेको छैन तसर्थ यो आवश्यक रहँदैन। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पर्छ। १०-५० युनिट सम्म र १००-१५० युनिट विद्युत खपत गर्ने स्ल्याबमा २१% वृद्धि गरेको देखिन्छ, जुन उपयुक्त देखिँदैन। यसै गरी, ग्राहकको सट्टा 'उपभोक्ता' भन्ने शब्दको प्रयोग भए संविधान संवत हुने देखिन्छ।<br>शहरिया उपभोक्तालाई १०युनिट सम्म विद्युत खपत गरे छुट र सामुदायिक उपभोक्तालाई भने १० युनिट सम्म विद्युत खपत गरे छुट नहुने प्रावधान उचित देखिँदैन। | |
| २०७७/०२/१२ | शाहिल अग्रवाल / नक्साल, काठमाण्डौ, नेपाल | नेपाल फलामे छड उत्पादक संघ | व्हिलिंग चार्जको व्यवस्था गरिनु पर्ने | नेपालमा व्हिलिंग प्रणालीको शुरुवात गरिनु पर्छ र सो प्रणाली अन्तर्गत उद्योग वर्गले २०-३० पैसाको दरले उर्जा उत्पादक सँग सिधै विद्युत खरिद गर्न पाउनु पर्छ। | उद्योगहरूले उर्जा उत्पादक सँग सिधै विद्युत गरिद गरेर लिने सम्बन्धमा पनि केही सुझावहरू आएका छन्। नेपाल विद्युत प्राधिकरणको पुनर्संरचनाको कुरा आइरहेको सन्दर्भमा ढिलो चाँडो सो सम्बन्धी व्यवस्था लागु हुने नै छ र विद्युत नियमन आयोगले समेत सो सम्बन्धमा |
| २०७६/१२/१० | ई. केशव प्रसाद उप्रेती | नेपाल सिमेन्ट उत्पादक संघ | व्हिलिंग चार्जको व्यवस्था गरिनु पर्ने | व्हिलिंग चार्जको व्यवस्था गरी विद्युत खरिद गर्न दिनुपर्छ। | |
| २०७६/१०/१२ | दिवाकर कार्की / काठमाण्डौ | रिलाएन्स स्पिनिङ्ग मिल्स लि | व्हिलिंग चार्जको व्यवस्था गरिनु पर्ने | व्हिलिंग चार्जको व्यवस्था गरी विद्युत खरिद गर्न दिनुपर्छ। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कदमहरू चालिरहेकै हुनुपर्छ। आगामी दिनहरूमा आयोगसँग छलफल गरी यो सम्बन्धमा निर्णय लिनेछौं । |
| **अन्य** | | | | | |
| २०७६/११/०७ | डा. अमृत मान नकर्मी / काठमाडौं | सेन्टर फोर इनर्जी स्टडिज, एन्जिनिरिंग अध्ययन संस्थान, त्रि. वि. / nakarmiamrit@gmail.com | प्राधिकरण सँग सम्बन्धित | वेबसाइटबाट data लिन नसकेको | |
| २०७७/०२/१२ | आशिस गर्ग, उर्जा उद्यमी | | प्राधिकरण सँग सम्बन्धित | १. ने.वि.प्रा. सेवामुखी सस्था हुनुपर्नेमा लगानीमा नाफा ८ प्रतिशत उल्लेख गरी उच्च विद्युत महसुल दावी गरेकाले प्राधिकरणले महसुल निर्धारण गरेको आधार न्यायोचित नभएको ।<br>२. उच्च विद्युत महसुलका कारण विद्युत उपभोग बढ्न नपाउने भएका कारण विद्युत महसुल बढाउन नहुने ।<br>३. नेपालमा उत्पादित विद्युतको लागि बहुबिक्रेता र बहुक्रेत सहितको बजारको सुनिश्चितता गरिनुपर्ने ।<br>४. नेपालमा उत्पादन हुने जलविद्युत जस्तो सफा र हरित विद्युत भारतमा निकै सस्तो मुल्यमा विक्रि गरिएको हुँदा त्यसको पुनर्विचार गरिनुपर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७७/०२/१२ | दीपक पौडेल | भेरी कर्णाली इनर्जी डेभेलपमेन्ट काउन्सिल | प्राधिकरण सँग सम्बन्धित | १. अधिशेष (अतिरिक्त) विद्युतीय उर्जालाई सहज रुपमा व्यवस्थापन गर्न विद्युतको महसुल बढाउने नीति उपयोगी नहुने।<br>२. विद्युत खपत बढाएमा आयात घटाउन सकिने। | |
| २०७७/०२/१२ | सागर शिवाकोटी | | प्राधिकरण सँग सम्बन्धित | वर्षा र सुख्खा यामको लागि फरक फरक महसुल निर्धारण गरिनुको कारण के हो? | |
| २०७७/०२/०४ | सुमन कुमार श्रेष्ठ | mchudal@gmail.com | प्राधिकरण सँग सम्बन्धित | देशमा हाल विद्युतको उत्पादन वृद्धि तीव्र गतीमा भईरहेको र निकट भविष्यमा उत्पादित विद्युत देशमा खपत हुन नसकि खेर जाने संभावना बढिरहेको र निर्यात गर्ने संभावना समेत हाल नभएको हुदाँ नयाँ प्रस्ताव गरिएको विद्युत महसुल दर लागू नगरी देश र जनताको पक्षमा निर्णय गर्दा राम्रो हुने राय सुझाव पेश गर्दछु । | |
| २०७६/११/३० | विनायक शाह / गैरीधारा, काठमाण्डौ, नेपाल | होटल संघ नेपाल | प्राधिकरण सँग सम्बन्धित | होटल उद्योगलाई विशेषतः २४ सै घण्टा एउटै दर कायम नराखी कुनै समयमा २ घण्टा स्तरीय विद्युत दर र बाँकी भएको २२ घण्टा सहुलियत दर (Time of Day Tariff) लगाउन सकिने। नेपाल विद्युत प्राधिकरणले होटल उद्योगहरुलाई औद्योगिक ग्राहक वर्गमा राख्नुपर्नेमा व्यापारिक ग्राहक वर्गमा राखी होटलहरुले महँगो महसुल तिर्नु परेकोमा औद्योगिक ग्राहक वर्गमा रुपान्तरण गर्नुको सट्टा हाल गैह्र-ग्राहस्थ वर्गमा परिवर्तन गर्ने भनि पत्र पठाई थप अन्याय गरेको छ। | |
| २०७६/११/१५ | ग्रामिण सामुदायिक विद्युत सहकारी संस्था लिमिटेड / डिगिया, बाँके | ग्रामिण सामुदायिक विद्युत सहकारी संस्था लिमिटेड | प्राधिकरण सँग सम्बन्धित | नेपाल विद्युत प्राधिकरणले हाल प्रस्ताव गरेको महसुल सर्वसाधरण सबैले आवश्यकता अनुसार विद्युत खपत गर्न सक्ने गरी नभएको हुँदा यो प्रस्ताव जनमुखी हुन नसकेको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७७/०१/२४ | त्रिपुरेश्वर, काठमाण्डौ | ब्रोडकास्टिंग एसोसिएसन अफ नेपाल | प्राधिकरण सँग सम्बन्धित | संचार क्षेत्रलाई सार्वजनिक यातायात, विद्यालय, र अन्य सेवामूलक संस्थालाई तोकिएको विद्युत महसुल अनुसारको दर निर्धारण गरिनुपर्ने। | |
| २०७६/११/२९ | होटल एसोसिएसन अफ नेपाल / गैरीधारा, काठमाण्डौ, नेपाल | होटल एसोसिएसन अफ नेपाल | प्राधिकरण सँग सम्बन्धित | होटल उद्योगहरूले अत्याधुनिक विद्युतीय उपकरणहरू प्रयोगमा ल्याई बढी भन्दा बढी विद्युत खपत गर्ने र पेट्रोलियम पदार्थलाई विस्थापित गर्ने महत्वपूर्ण योजना बनाएकोमा यसरी खरिद गरिने विद्युतीय उपकरणहरूमा सहुलियतका साथै विशेष छुट एवं यसरी परिवर्तन गर्दा ठूलो रकम आवश्यक पर्ने भएकोले सहुलियतपूर्ण ऋणको लागि पहल गरिदिन अनुरोध गर्दछौं । | |
| २०७७/०२/१२ | तेज कुमार पाठक | | प्राधिकरण सँग सम्बन्धित | १. कोभिड १९ को प्रकोपले उपभोक्ताहरूको क्रयक्षमतामा कमी आउने भएको कारण ग्राहस्थ उपभोक्ताद्वारा हुने विद्युत खपतसम्बन्धी समस्या आउन सक्ने भएकाले विद्युत नियमन आयोगले त्यसतर्फ ध्यान दिनु पर्ने ।<br>२. विद्युतको उपभोग र उपभोक्ताको संख्यामा बृद्दि हुँदै गइरहेको अवस्थामा ने.वि.प्रा.ले उपभोक्तालाई विद्युत महसुल तिर्ने कार्य सहज बनाउन तर्फ लाग्नुपर्ने ।<br>३. ग्राहस्थ उपभोक्तासंग लिने गरेको सेवा शुल्कको औचित्य के हो ?<br>४. ने.वि.प्रा. ले विद्युतसंग सम्बन्धित दुर्घटनाका कारण हुने मानविय क्षतिको क्षतिपूर्तिसम्बन्धि प्रावधानहरू खुलाई क्षतिपूर्ति दिनुपर्ने ।<br>५. ने.वि.प्रा.को उपभोक्ता सेवा तथा सुचना दिने प्रणालीमा सुधारको खाँचो रहेको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७७/०२/१२ | कृष्ण दुलाल | | प्राधिकरण सँग सम्बन्धित | १. उपभोक्ता विद्युत महसुल बढाउनु हुन्न। बरु विद्युत खपत बढाउनलाई महसुललाई घटाउनु जरुरी देखिन्छ।<br>२. विद्युत महसुल निर्धारण गर्दा आगामी आर्थिक वर्षमा खिम्ती आयोजनाले ने.वि.प्राको वित्तीय विवरणमा ल्याउने योगदानलाई पनि आधार मानेर विश्लेषण गर्नुपर्ने।<br>३. ट्रंक लाइन र डेडीकेटेड लाइन प्रयोग गरे वापत उठाउन बाँकी रहेको वक्यौता रकमलाई मध्यनजरमा राखेर विद्युत महसुल निर्धारण गरिनुपर्ने। सो गर्दा विद्युत महसुल अझै घटाउन सकिने।<br>४. ग्राहस्थ्य वर्गलाई पनि TOD मिटर जडान गर्ने अथवा नगर्ने विकल्प हुनुपर्ने। | |
| २०७७/०२/१२ | अजय अधिकारी, पर्सा | | प्राधिकरण सँग सम्बन्धित | १. कोभिड १९ले नेपाललाई विद्युतको खपत सम्बन्धमा आत्मनिर्भर हुनुपर्ने आवश्यकता देखाएको छ । प्रदेश नं. २ धेरै आधारमा सुगम भए पनि मानब विकास सुचकांकको आधारमा धेरै पछि छ ।विद्युतको खपत बढाएर यस प्रदेशको विकासको स्तर कसरी बढाउने र यदि विद्युत महंगो भएको खण्डमा त्यसले विकासमा सहयोग पुर्याउला त ? त्यतातर्फ ध्यान जानु जरूरी छ ।<br>२. एकातिर ने.वि.प्रा.ले काठमाण्डौमा भुमिगत वितरण लाईन बनाइराखेको अवस्था छ भने अर्कोतिर प्रदेश नं. २ को ग्रामिण क्षेत्रमा पोल तथा तारहरूको अभाव छ । तसर्थ, ग्रामिण क्षेत्रमा समेत भरपर्दो तरिकाले विद्युत पुर्याउने तर्फ ध्यान दिनु | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पर्यो ।<br>३. भोल्टेजमा हुने तलमाथिका कारण सर्वसाधरणको विद्युतिय समाग्रीहरू बिग्रिने भएकाले क्षति हुने गरेको छ जसको क्षतिपुर्ति दिने बारे ने.वि.प्रा.को कुनै प्रावधान छैन । तसर्थ ने.वि.प्रा.ले क्षतिपुर्तिको व्यवस्था पनि गर्नुपर्यो ।<br>४. विद्युत महसुल तिर्न जाँदा, उपभोक्ताले फिर्ता पाउने रकम रू. ५ भन्दा कम भएको अवस्थामा फिर्ता नपाउने गरेको भेटियो । एकै रूपैयाँ फिर्ता आउने भए पनि फिर्ता पाउने व्यवस्था हुनुपर्यो । | |
| २०७६/११/१५ | शेर बहादुर बस्नेत /<br>बैजनाथ - २, डीगिया, बाँके | ग्रामीण सामुदायिक विद्युत सहकारी संस्था लिमिटेड /<br>bidhutcooperative2070@gmail.com | सामुदायिक | सामुदायिक विद्युत वितरण संस्थाहरुलाई संचालन र व्यवस्थापन गर्न सहज हुने गरी सामुदायिक थोक महसुल निर्धारण हुनुपर्ने | |
| २०७६/१२/०३ | खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपाल /<br>थापाथली, काठमाण्डौ, पोष्ट बक्स नं. १९९८० | खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपाल | खानेपानी | सबै नागरिकलाई नियमित नियमित, पर्याप्त, स्वच्छ र गुणस्तरिय खानेपानी संचालन र व्यवस्था गर्नका लागि सामुदायिक संस्थाले आपूर्ति गर्ने खानेपानीमा खपत हुने विद्युतका लागि हाल प्रस्ताव गरिएको महसुलमा ५० प्रतिशत कम हुने गरी महसुल निर्धारण हुनुपर्ने । | |
| २०७६/१२/१० | मिन बहादुर श्रेष्ठ, पी एच डी, पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग /<br>टोखा, काठमाडौं | | सिंचाई | हाल किसान समूहले सिचाईंको लागि प्रयोग गर्ने विद्युत महसुलमा छुट पाउने व्यवस्था रहेका छ तर तिनै किसान समूहले प्रा.लि. वा लि. कम्पनीमार्फत जग्गा एकिकरण गरी सामूहिक कृषि व्यवशाय अघि बढाउंदा यस्तो सहुलियत पाउन सक्दैनन्। यस | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | व्यवस्थाले कृषकहरुलाई जग्गा एकिकरण र चक्लाबन्दीमा सहमत गराउन कठिनाई हुनुका साथै विद्युत महसुलको कारणले सामूहिक प्रणालीमा जांदा लागत बढी पर्ने समेत देखिएको छ। | |
| २०७७/०१/०६ | डा. मिन बहादुर श्रेष्ठ, पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | minbshrestha@gmail.com | सिंचाई | जमिनको एकिकरण र चक्लाबन्दी गरी सामूहिक प्रणाली अन्तर्गत सन्चालन गरिने व्यावशायिक कृषिलाई प्रोत्साहित गर्न विद्युत महसुलमा छुट दिने व्यवस्था गर्ने सम्बन्धी सुझाब<br>नेपालमा कृषिको उत्पादकत्व र उत्पादन बढाउन स—सानो भूमिमा निर्वाहमुखी खेतीगर्ने हालको प्रथालाई निरुत्साहित गर्न र जमिनको एकिकरण र चक्लाबन्दी गरी व्यावशायिक खेती गर्ने नयां सामूहिक प्रणाली विकास गर्न आवश्यक छ । यस अभियानलाई अघि बढाउन संघीय सरकारको चालु आर्थिक वर्ष २०७६-७७ को बजेटको बुंदा नं. ९५ मा निम्न व्यवस्था गरिएको छः<br>“भू—चक्लाबन्दी मार्फत सामूहिक, सहकारी र करार खेतिलाई प्रोत्साहित गर्न पहाडमा १०० रोपनीभन्दा बढी र तराईमा १०० विघा भन्दा बढी जमिन एकिकरण गरी व्यावशायिक खेती, पशुपंछीपालन र जडिबुटी खेती गर्नेलाई निश्चित मापदण्डको आधारमा अनुदान, प्राविधिक सहयोग र मेशिनरी आयातमा कर सहुलियत दिईने ।”<br><br>हाल किसान समूहले सिचाईको लागि प्रयोग गर्ने विद्युत महसुलमा छुट पाउने व्यवस्था रहेका छ तर तिनै किसान समूहले प्रा.लि. वा लि. कम्पनीमार्फत जग्गा एकिकरण गरी सामूहिक कृषि व्यवशाय अघि | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बढाउंदा यस्तो सहुलियत पाउन सक्दैनन् । यस व्यवस्थाले कृषकहरुलाई जग्गा एकिकरण र चक्लाबन्दीमा सहमत गराउन कठिनाई हुनुका साथै विद्युत महसुलको कारणले सामूहिक प्रणालीमा जांदा लागत बढी पर्ने समेत देखिएको छ । तसर्थ मुलुकको कृषि क्षेत्रलाई सामूहिक प्रणालीमातर्फ उन्मुख बनाउने कार्यमा सहयोग पुराउन निम्न व्यवस्था गर्न अनुरोध छः<br>“कृषकहरुले आफ्नो जमिनको एकिकरण र चक्लाबन्दी गर्न कम्पनी खोली सोही कम्पनी मार्फत सामूहिक कृषि व्यवशाय संचालन गरेको अवस्थामा त्यस्तो कम्पनीले व्यावशायिक पशु—पंछीपालन, मत्स्यपालन र सिंचाईको लागि प्रयोग गर्ने विद्युत महसुलमा ७५ प्रतिशत छुट दिइनेछ ।” | |
| २०७७/०२/१२ | पंच काजी श्रेष्ठ | | सिंचाई | सिंचाई वर्गको विद्युत महसुल अझै सहज र सस्तो हुनुपर्ने | |
| २०७७/०२/१२ | शम्भु प्रसाद दुलाल | | सिंचाई | १. नेपालका ६८% जनता खेतीपाती र दैनिक श्रम गरेर जीविकोपार्जन गर्छन। उर्जाको निर्यात गर्नुको सट्टा उर्जालाई घरेलु उद्योगहरुको विकास गर्न र देशको उत्पादन बढाउन प्रयोगमा ल्याउनुपर्छ। यसका लागि उर्जाको पहुँच सहज र उर्जाको महसुल सुहाउँदो हुनुपर्ने देखिन्छ।<br>२. सिंचाई वर्गबाट डिमाण्ड शुल्क हटाउनुपर्ने र कृषक वर्गमा TOD मिटर हटाएर कृषि मिटरको प्रणाली ल्याउनुपर्ने। | |
| २०७७/०२/१२ | कृष्ण प्रसाद भण्डारी | | सामुदायिक | सामुदायिक वन जंगल उपभोक्ता समूह र सामुदायिक विद्युत उपभोक्ता समूहलाई एउटै | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | छातामुनि ल्याई विद्युतीय उर्जाको खपत गर्न प्रोत्साहन गर्न सकिने। | |
| २०७७/०२/१२ | राम कृष्ण हुमागाईं | | सामुदायिक | १. ने.वि.प्रा का सामान्य ग्राहस्थ्य वर्ग र सामुदायिक वर्गको विद्युत महसुलमा कुनै भिन्नता हुन नहुने।<br>२. बिजुलीले चल्ने चुलो (इन्डक्सन कुकर) प्रयोग गर्ने उपभोक्ताको विद्युत महसुल हाल प्रस्तावितभन्दा सस्तो हुनुपर्ने।<br>३. सामुदायिक वर्गको आत्मनिर्भरतालाई मध्यनजरमा राखेर सो वर्गको विद्युत महसुल निर्धारण गरिनुपर्ने। | |
| २०७७/०२/१२ | पूजा शर्मा | | सामुदायिक | नयाँ प्रस्तावित महसुल लागु गर्नु अघि यस महसुलका कारण सामुदायिक थोक विक्रेतामा पर्ने प्रभावको सही मुल्याङ्कन गर्नुपर्ने हुन्छ ।<br>सामुदायिक उपभोक्ताको हकमा NX30 प्रावधानको सट्टा NX50 को प्रावधान लागु गर्नु बढि उपयुक्त हुने देखिन्छ । | |
| २०७७/०२/१२ | नारायण ज्ञवाली | | सामुदायिक | विद्युत खरिद गर्ने र विद्युत बिक्री गर्ने अधारहरू वैज्ञानिक आधारहरूमा तोकिनुपर्ने आवश्यकता रहेको छ। | |
| २०७७/०२/१२ | महेन्द्र चुडाल | | ग्राहस्थ/सामुदायिक | १००-२०० युनिट खपत गर्ने उपभोक्ताको सन्दर्भमा प्रस्तावित महसुल दर अझ महँगो हुने देखिन्छ। सामुदायिक थोक ग्राहकको हकमा Nx३० लाई Nx५० मा परिवर्तन गरिनुपर्ने देखिन्छ। ग्राहस्थ वर्गमा मौसममा आधारित महसुल दर लागू गरिनु पर्छ। | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७७/०२/१२ | मोतीलाल दुगड | | सार्वजनिक यातायात | सार्वजनिक यातायात वर्गमा विद्युतको खपत बढाउन सकेको खण्डमा देशको विद्यमान Balance of Payment लाई सकारात्मक दिशामा लग्न सहज हुनेछ। | |
| २०७७/०२/१२ | दामोदर सुवेदी, | | E-Hearing ऐन विपरित भएको | १. आज आयोजना गरिएको अनलाइन सुनुवाई कार्यक्रम (e-Hearing) हाल विद्यमान रहेको ऐन विपरीत छ।<br>२. सर्वसाधारण तथा अन्य सरोकारवालाले टिपाउनु भएका राय तथा सुझावहरुलाई मध्यनजरमा राखेर ने.वि.प्रा द्वारा पेश गरिएको विद्युत महसुल प्रस्तावमाथि छलफल गरिन्छ कि गरिंदैन ? | |
| २०७७/०२/१२ | विश्व भुषण अमात्य | | सामुदायिक उपभोक्ताको लागि हालको विद्यमान ढाँचा परिवर्तन गर्नु जरूरी देखिन्छ | मैले १५ वटा सामुदायिक विद्युत उपभोक्ता समितिहरूको आँकडा लिएर तिनको वित्तय सक्षमताको अध्ययन गरेको थिएँ । म के निष्कर्षमा पुगें भन्दा, धेरैजसो सामुदियक विद्युत उपभोक्ता समितिहरू वित्तिय रूपमा सक्षम छैनन् तसर्थ, सामुदायिक उपभोक्ताको लागि हालको विद्यमान ढाँचा परिवर्तन गर्नु जरूरी देखिन्छ । हाल प्रस्तावित महसुलमा राखिएको N X ३० लाई N X ५० मा परिणत गर्न सके त्यस्ता उपभोक्ता समितिहरू दिगो रूपमा सञ्चालन हुने थिए । | |